# प्रभाव दैनिक
National Daily




वर्ष १२ | अंक २९८ | काठमाडौं | बिहीबार, १४ फागुन २०८२ | Prabhab National Daily | Thursday, 26 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## चुनावी प्रचारमा कांग्रेस र रास्वपा आक्रामक, एमाले र नेकपा 'डिफेन्सिभ'

- फागुन ६ गते जनकपुरमा पहिलो चुनावीसभा गरी चुनावी प्रतिज्ञापत्र सार्वजनिक गरेको कांग्रेसले काठमाडौं, सुर्खेत, बाँके, रूपन्देही र पोखरामा पनि चुनावीसभा गर्दै
- धनगढीमा चुनावीसभा गरेर वाचापत्र सार्वजनिक गरेको रास्वपाले दाङको घोरही, सुर्खेत र इटहरीमा सभा गरिसकेको छ भने फागुन १५ गते भरतपुरमा आमसभा तय
- एमाले र नेकपाले भने आमसभा र कार्यक्रमहरूभन्दा मतदातालाई व्यक्तिगतरूपमै भेटेर मत आफ्नो पक्षमा पार्ने रणनीतिमा
- कांग्रेस र रास्वपाका नेताहरूले मतदातालाई बल्क मेसेज, फोनमार्फत मत माग्नेदेखि चिठीमार्फत मतदानका लागि निम्तासमेत दिन थालेका छन्



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन नजिकिँदै गर्दा दलहरूले चुनावी प्रचारलाई तीव्र पारेका छन् । विशेषगरी नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चुनावी प्रचारमा आक्रामक देखिएका छन् । कांग्रेस र रास्वपाले देशभरका विभिन्न स्थानमा आमसभामात्र गरेका छैनन् डिजिटल प्रचारलाई पनि आक्रामक बनाएका छन् ।

फागुन ६ गते जनकपुरमा पहिलो चुनावीसभा गरी चुनावी प्रतिज्ञापत्र सार्वजनिक गरेको कांग्रेसले काठमाडौं, सुर्खेत, बाँके, रूपन्देही र पोखरामा पनि चुनावीसभा गर्न लागेको हो । उपसभापति विश्वप्रकाश शर्माको कमाण्डमा रहेको प्रचार विभागले आज (बिहीबार)एकै दिन सुर्खेत, बाँके र रूपन्देहीमा गरी तीन स्थानमा चुनावीसभा गर्दै छ ।

त्यस्तै भोलि फागुन १५ गते पोखरामा र फागुन १७ गते काठमाडौंमा चुनावीसभा गर्ने कांग्रेसको तयारी रहेको छ । कोशी र सुदूरपश्चिममासमेत सभाको तयारी रहे पनि मिति भने अहिले तय भएको छैन । कांग्रेसले चुनावीसभामा सभापति गगन थापालाई प्रमुख वक्ताका रूपमा अघि सार्दै आएको छ । कांग्रेसले आफ्नो पार्टीको पेजबाट र उम्मेदवार आफैंले पनि डिजिटल प्रचार आक्रामक बनाएको कांग्रेस प्रवक्ता देवराज चालिसे बताउँछन् ।

कांग्रेसको चुनावी प्रचारको मुख्य नीति नै पार्टीको एजेण्डा र नेताको प्रतिभाबारे सूचना दिएको बताए । 'कांग्रेसको मुख्य नीति भनेको आफ्नो एजेण्डा सुनाउने र मतदाताको कुरा सुन्ने हो,' चालिसेले भने, 'यसरी नै प्रचार भइरहेको छ ।'

क्रमशः पृष्ठ २ मा

## २४ भदौको विध्वंशमा संलग्नविरुद्धको उजुरीमा निर्णय लिँदै सरकार

- भदौ २४ को विध्वंशका उजुरीहरु हदम्यादअघि टुंग्याइने
- अभियोजन कि उन्मुक्तिबारे निर्णय लिइने
- राजनीतिक कि आपराधिक घटनाको उजुरी भन्ने छुट्याइने
- सिंहदरबारमा आगो लगाउने महेन्द्र गौतमलाई उन्मुक्ति




■ जेबी योञ्जन

**काठमाडौं–** गत २४ भदौमा जेन-जी विद्रोहका क्रममा भएका आगजनी, लुटपाट र तोडफोडजस्ता हिंसात्मक घटनासम्बन्धी परेका उजुरीहरूबारे महान्यायाधिवक्ताको कार्यालय हदम्यादभित्रै कानुनी टुंगोमा पुऱ्याउने तयारीमा जुटेको छ । कार्यालयले अनुसन्धानको अवस्था, प्रहरी र सरकारी वकिलबाट प्राप्त विवरण, आन्दोलनकारी-सरकारबीच भएको सम्झौता तथा छानबिन आयोगका निष्कर्षलाई समेत आधार बनाएर कसरी अघि बढ्ने भन्नेबारे निर्णय गर्ने संकेत दिएको छ ।

२४ भदौमा देशका विभिन्न स्थानमा भएका हिंसात्मक घटनापछि ठूलो संख्यामा प्रहरी कार्यालयहरूमा जाहेरी परेका थिए । तर ती उजुरीमाथि लामो समयसम्म निर्णय नहुँदा सरकारले दोषीलाई उन्मुक्ति दिन खोजेको टिप्पणी हुँदै आएको छ । यस्तो अवस्थामा महान्यायाधिवक्ताको कार्यालयले भने कानुनी प्रक्रियाअनुसार हदम्याद नाघ्न नदिई आवश्यक निर्णय गरिने स्पष्ट पारेको हो ।

कार्यालयका प्रवक्ता तथा सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेका अनुसार आपराधिक उपद्रवसम्बन्धी जाहेरीमा अभियोग दायर गर्न छ महिनाको हदम्याद हुने भएकाले सो अवधिभित्रै मुद्दा अदालतमा लैजानुपर्ने कानुनी व्यवस्था छ । प्रभावसँग उनले भने, 'अभियोग पेस गर्नुपर्ने भएमा छ महिनाभित्र अदालतमा लगिसक्नुपर्छ । त्यसैले हदम्याद सकिन लागेको चर्चा भएको हुनुपर्छ ।'



अभियोग पेस गर्नुपर्ने भएमा छ महिनाभित्र अदालतमा लगिसक्नुपर्छ । त्यसैले हदम्याद सकिन लागेको चर्चा भएको हुनुपर्छ ।

■ **अच्युतमणि नेउपाने**
**प्रवक्ता, महान्यायाधिवक्ता कार्यालय**

नेउपानेका अनुसार प्रहरी र सरकारी वकिल कार्यालयमा दर्ता भएका उजुरीमध्ये केहीमा मुद्दा दायर भइसकेको छ भने केही घटनामा अनुसन्धान जारी छ । अनुसन्धानबाट प्राप्त प्रमाण, प्रत्यक्षदर्शीको बयान र घटनाको प्रकृतिअनुसार अभियोजन गर्ने वा नगर्ने निर्णय गरिने उनले बताए ।

यसैबीच अनुसन्धानका क्रममा पक्राउ परेका कतिपयलाई रिहा गर्न वा मुद्दा नचलाउन महान्यायाधिवक्ताको कार्यालयले निर्देशन दिएको भन्ने विवरण सार्वजनिक भएपछि महान्यायाधिवक्ता सबिता भण्डारी विवादित बनेकी छन् । सिंहदरबार जलाएको स्वीकारेका महेन्द्र गौतमलाई उन्मुक्ति दिने निर्णय भएपछि भण्डारी विवादमा तानिएकी हुन् । गौतम २२ माघमा पक्राउ परेका थिए । तर, जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले गौतमविरुद्ध मुद्दा दायर गर्ने आधार र कारण नभएको भन्दै मुद्दा नचलाउने निर्णय गरेको हो । जबकि, उनले उनले सिंहदरबार जलाएको भनेर सामाजिक सञ्जालमा भिडियो अपलोड गरेका थिए । सिंहदरबरमा आगजनी गरेर फर्किएको भन्दै सगर्व बोलेका थिए । चितवनका गौतमको उक्त भिडियोकै आधारमा प्रहरीले पक्राउ गरेर अनुसन्धान अघि बढाएको थियो ।

चितवनको खैरहनी नगरपालिका-९ घर भई काठमाडौं महानगरपालिका-२९ अनामनगरका बसोबास गर्दै आएका उनलाई प्रहरीले पाँच महिनापछि पक्राउ गरेको थियो । तर, सरकारले उन्मुक्ति दियो । उनीमात्रै होइन, यसअघि सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनदेखि राष्ट्रपति कार्यालय शीतलनिवासमा आगजनी गरेको स्वीकारेका थुप्रैलाई सरकारले उन्मुक्ति दिएको छ । यसले सरकार आलोचित भएको हो ।

यसबीच आजै २४ भदौको विध्वंशसँग सम्बन्धित विभिन्न प्रहरी कार्यालयहरूमा परेका उजुरीहरू निर्णय लिन महान्यायाधिवक्ता कार्यालयको बैठक बस्ने भएको छ । कार्यालयका अनुसार निर्णय गर्दा सरकार र विद्रोहका प्रतिनिधिबीच भएको सम्झौतालाई पनि ध्यानमा राखिने छ । उक्त सम्झौतामा 'जनआन्दोलन'का क्रममा भएका राजनीतिक गतिविधि र आपराधिक मनसायका हिंसात्मक कार्यबीच स्पष्ट विभाजन गरेर छानबिन गर्ने उल्लेख छ । साथै, राजनीतिक विरोधमा सहभागी भएकै कारण कसैउपर फौजदारी अनुसन्धान वा अभियोजन नगर्ने बुँदा पनि समावेश छ ।

यसले अभियोजन प्रक्रियालाई थप जटिल बनाएको जानकारहरू बताउँछन् । किनकि, आन्दोलनका क्रममा भएको तोडफोड वा आगजनी राजनीतिक गतिविधि थियो कि योजनाबद्ध आपराधिक कार्य ? यसको छुट्याउने जिम्मेवारी कानुनी निकायमाथि परेको छ ।

२४ भदौका घटनाबारे छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगले पनि विभिन्न उच्च पदाधिकारी, सुरक्षा निकायका अधिकारी र आन्दोलनसँग सम्बन्धित व्यक्तिहरूसँग बयान लिएको थियो । आयोगको प्रतिवेदन अझै सार्वजनिक भएको छैन । निर्वाचनपछि मात्रै प्रतिवेदन सार्वजनिक गर्ने भनिएको छ । अर्कातिर, राष्ट्रिय मानवअधिकार आयोगले पनि आफ्नै छानबिन गरी प्रतिवेदन अन्तिम चरणमा पुऱ्याएको जनाएको छ ।

न्यायिकवृत्तमा भने आयोगको प्रतिवेदन ढिला हुँदा अभियोजन प्रक्रियामा अन्योल बढेको टिप्पणी भइरहेको छ । कतिपयले निर्वाचनको वातावरण नबिथोलियोस् भनेर प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ गरिएको हुन सक्ने आकलन गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

## अल्पायुमै अस्ताए लेखक श्रेष्ठ

**काठमाडौं (प्रस)–** प्रभाव दैनिकमा नियमित स्तम्भ लेख्दै आएका लेखक तथा अनुसन्धाता पदम श्रेष्ठको अल्पायुमै निधन भएको छ । बुधबार दिउँसो अकस्मात उनको निधन भएको हो ।



परिवारले दिएको जानकारीअनुसार फर्पिङस्थित निवासमै बसिरहेका बेला 'ब्रेन हेमरेज' (मस्तिष्क रक्तश्राव) भएर बेहोस भएका उनलाई अस्पताल लगे पनि बचाउन नसकिएको हो । ५७ वर्षीय लेखक श्रेष्ठले तीन महिनायता रक्तचाप (ब्लड प्रेसर)को औषधि सेवन गर्दै आएका थिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## चुनावी घोषणापत्रमा वैदेशिक रोजगारीका आधारविहीन योजना


### श्रमविद् भन्छन्- वैदेशिक रोजगारीका नारामात्र समेटिए

विगतमा पनि यस्तै यस्तै घोषणापत्र हुन्थे । दलहरूले अंक नै तोकेर यति लाख आन्तरिक रोजगारी सिर्जना गर्ने भनेका छन् । तर त्यसको आधार के हो भन्ने स्पष्टता देखिँदैन । रोजगारी सिर्जना गर्ने भन्ने संख्या धेरै राखेर मतदातालाई आकर्षित गर्न सकिन्छ कि भन्ने देखिन्छ । यसर्थ घोषणापत्रकै आधारमा वैदेशिक रोजगारी न्यून हुँदै जान्छ भनेर भन्न सकिँदैन ।

■ **डा. केशव बस्याल**
**आप्रवासनविद्**

■ ममता थापा

**काठमाडौं–** राजनीतिक दलहरूका चुनावी घोषणापत्रमा राखिएका वैदेशिक रोजगारसम्बन्धी कार्यक्रम विगतकै निरन्तरता भएको पाइएको छ । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सार्वजनिक भएका घोषणापत्रमा वैदेशिक रोजगारीलाई दलहरूले समेटेका छन् । तर ती कार्यक्रमहरू विगतको जस्तै भएको र कार्यान्वयनमा ल्याउने आधारमा स्पष्टता नभएको विज्ञको टिप्पणी छ ।




मुलुकमा रोजगारी छैन, त्यसकारण पढाइ सक्नासाथ या उमेर पुग्नासाथ विदेसिनुपर्छ भन्ने भाष्य हाबी हुन थालेको छ । पछिल्लो समय रोजगारीको खोजीमा हरेक वर्ष आठ लाखभन्दा बढी युवा विदेशीन थालेका छन् । यहाँ भविष्य छैन भन्दै उच्च शिक्षाको नाममा विदेशीनेहरूको संख्या पनि वर्षेनी बढ्दो छ । यो अवस्थालाई सम्बोधन गर्न दलहरूले आगामी पाँच वर्षमा यस्तो कार्यक्रमबाट यहाँ पुग्छौं भन्ने आधार प्रस्तुत गर्न नसकेको श्रमविद् रामेश्वर नेपालले बताए । प्रमुख दलमध्येको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) तथा नेकपा एमालेको घोषणापत्रमा कुनै नयाँ विषय नआएको उनले बताए । घोषणापत्रमा वैदेशिक रोजगारीका नाराहरू मात्र समेटिएको उनको भनाइ छ ।

'एमालेका साथै नेकपाको घोषणापत्रमा यसअघि भनिएजस्तै स्वदेशमै रोजगारी सिर्जना गरिने, विदेश जाने बाध्यकारी अवस्थाको अन्त्य गरिने खालका भाषा छन् । त्यो कसरी हासिल गर्ने भन्ने कुरा विगतकै जस्तो मिसिङ छ,' उनले भने, 'यस्तो गरिने छ भनेर ब्रोडर ल्यांग्वेज देखियो । यो-यो विषयलाई यसरी सम्बोधन गर्दा बदलाव आउँछ भन्नेसम्म पनि देखिएन ।'

क्रमशः पृष्ठ २ मा

## अनलाइन ठगी केन्द्रबाट ३९२ नेपालको उद्धार

- ३०९ जना उद्धार प्रक्रियामा
- हजारौं नेपाली ठगी केन्द्रहरूमा रहेको आशंका
- आकर्षक तलब र सहज रोजगारीको प्रलोभनमा फसाउँदै नेपाली

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिणपूर्वी एसियाका विभिन्न देशमा सञ्चालित अनलाइन ठगी (स्क्यामिङ) केन्द्रहरूमा नेपाली नागरिक बन्धक बनाइने क्रम बढ्दै गएको देखिएको छ । आकर्षक तलब र सहज रोजगारीको प्रलोभन देखाएर नेपालीलाई थाइल्याण्ड, लाओस, म्यान्मारको सीमाक्षेत्र तथा कम्बोडियामा सक्रिय संगठित आपराधिक समूहले फसाइरहेको पाइएको परराष्ट्र मन्त्रालयले जनाएको हो ।




मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीकाअनुसार खासगरी ठगीका लागि कम्प्युटरसम्बन्धी सीप भएका र युएई, मलेसियालगायत देशमा वैदेशिक रोजगारीको अनुभव भएका नेपालीलाई लक्षित गरी सुरक्षा गार्ड, अनलाइन डेटिङ, क्यासिनो, गेमिङ, फिसिङ तथा क्रिप्टो ठगीसम्बन्धी गतिविधिमा जबर्जस्ती लगाइने गरेको पाइएको छ । यदि, लक्ष्य पूरा गर्न नसके शारीरिक तथा मानसिक यातना दिने, राहदानी खोस्ने र ठूलो रकम माग गर्नेजस्ता शोषण हुने गरेको विवरण बुधबार मन्त्रालयले सार्वजनिक गरेको छ ।

पीडितमध्ये ३९२ जना नेपालीलाई उद्धार गरिएको छ । मन्त्रालयका अनुसार सन् २०२२ यता विभिन्न मितिमा थाइल्याण्ड र म्यान्मारस्थित नेपाली नियोगको समन्वयमा उनीहरूलाई उद्धार गरिएको हो । अझै ३०९ जना उद्धार प्रक्रियामा छन् । हजारौं नेपाली अझै जोखिममा हुन सक्ने अनुमान गरिएको छ । प्रवक्ता पौडेलले भने, 'अनलाइन ठगी केन्द्रहरूमा फसेका नेपाली नागरिकहरूको उद्धार गरी नेपाल फर्काउनका लागि दूतावासमार्फत सक्रिय रूपमा पहल गरिरहेका छौं ।'

यसबीच म्यान्मारको अदालतले गैरकानुनीरूपमा प्रवेश गरेको आरोपमा १८ जना नेपालीलाई एक वर्ष कैद सजाय सुनाएको छ । त्यहाँस्थित नेपाली दूतावासले यस विषयमा स्थानीय सरकारसँग छलफल गरिरहेको मन्त्रालयले जनाएको छ । उनीहरूको उद्धार प्रक्रियाबारे मन्त्रालयका दक्षिणपूर्व एसिया तथा प्रशान्त महाशाखाका प्रमुख प्रकाश अधिकारीले पीडित दूतावासको सम्पर्कमा आएपछि सम्बन्धित देशसँग समन्वय गरी स्वदेश फर्काइने बताएका छन् ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### २४ भदौको...

यता महान्यायाधिवक्ताको कार्यालय भने कानुनी समयसीमा, उपलब्ध प्रमाण र राज्यको दायित्वलाई सन्तुलनमा राखेर निर्णय गर्ने बताउँछ । कार्यालयका अधिकारीहरूका अनुसार हिंसात्मक गतिविधिमा प्रत्यक्ष संलग्न देखिएका व्यक्तिमाथि कानुनी कारबाही अघि बढाइने छ भने राजनीतिक गतिविधिमामात्रै सहभागी भएकालाई फरक रूपमा मूल्यांकन गरिने छ ।

### चुनावी प्रचारमा...

यता रास्वपा पनि प्रचारमा कांग्रेसभन्दा कम छैन । धनगढीमा चुनावीसभा गरेर वाचापत्र सार्वजनिक गरेको रास्वपाले दाङको घोरही, सुर्खेत र इटहरीमा सभा गरिसकेको छ । वरिष्ठ नेता बालेन्द्र शाह बिरामी भएपछि भैरहवा र पोखराको चुनावीसभा स्थगित गरेको रास्वपाले भरतपुरमा भने आमसभा गर्ने भएको छ ।

रास्वापले फागुन १५ गते चितवनको भरतपुरस्थित गेस्ट हाउस चौरमा चुनावीसभा गर्न लागेको हो । यो सभालाई सभापति रवि लामिछाने र बालेन पुग्ने छन् । देशभर 'डिजिटल'देखि 'फिजिकल' घरदैलो कार्यक्रममा घन्टी बजाउँदै पुगेको रास्वपाको प्रचार शैली बेजोड देखिएको छ । प्रचार शैली थप प्रभावकारी बनाउन रास्वपाले उपसभापति डिपी अर्यालको नेतृत्वमा ५१ सदस्य प्रचार समिति नै बनाएको छ ।

रास्वपाले पुराना दलले सुशासन र भ्रष्टाचार नियन्त्रणमा ३५ वर्षदेखि केही काम नगरेको आरोप लगाउँदै आफ्नो प्रचार व्यापक बनाएको छ । परम्परागत दलहरूले प्रयोग गर्ने चुनावी रणनीतिदेखि डिजिटल्ली र फिजिकल्ली आफ्नो दल प्रचारमा लागेको रास्वपा प्रवक्ता मनिष झा बताउँछन् । अहिले मतदातालाई अनुहारमात्र देखाएर मत आउने नदेखिएकोले एजेण्डादेखि उम्मेदवारको पृष्ठभूमिबारेसमेत जानकारी दिन थालिएको झाले बताए । 'पहिले अनुहारमात्र ब्राण्डिङ हुन्थ्यो । जसले गर्दा उम्मेदवारको पृष्ठभूमि, विचार, योजना, क्षमताका कुरा ओझेलमा परे । यसकारण यसपटक योग्यता र एजेण्डालाई प्राथमिकतामा राखेर प्रचार गरेका छौं,' झाले भने ।

चुनावी प्रचारमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) भने 'डिफेन्सिभ' देखिएको छ । एमालेले यो निर्वाचनका लागि कुनै आमसभा आयोजना तय गरेको छैन । एमाले अध्यक्ष केपी शर्मा ओली आफ्नो चुनावी क्षेत्रमा खुम्चिएका छन् । ओलीको अनुहार देखाएर मत आउने नदेखिएपछि एमाले 'डिफेन्सिभ' देखिन्छ ।

एमालेका उम्मेदवारहरूलेसमेत आफ्नो पोस्टर, डिजिटल सामग्रीमा ओलीको फोटो राखेका छैनन् । अघिल्ला निर्वाचनहरूमा 'ओली बा' भन्दै ब्राण्डिङ गरेको एमालेले यसपटक ओलीलाई सकेसम्म छोप्न खोजेको देखिन्छ । जेन-जी विद्रोहका क्रममा भदौ २३ र २४ गते ८६ जनाका ज्यान गएको प्रश्न ओलीमाथि उठेको छ । जसकारण पनि एमालेलाई चुनावी प्रचारमा स्फूर्त रूपमा उत्रन असहज भएको देखिन्छ । यद्यपि, चुनावी प्रचारमा आफूहरू खुलेर लागेको एमाले प्रचार विभागका संयोजक मिनबहादुर शाही दाबी गर्छन् ।

अर्को दल नेकपाले पनि प्रचारमा खासै ध्यान दिएको देखिँदैन । नेकपाका संयोजक पुष्पकमल दाहाल विभिन्न कार्यक्रमहरूमा देखिए पनि माधव नेपाल, झलनाथ खनाललगायत नेताहरू प्रचारमा देखिएका छैनन् । निर्वाचन निष्पक्ष भएमा नेकपाको मत राम्रो आउने दाबी दाहालले बुधबार गरेका छन् । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बुधबार वाम बुद्धिजीवीसँगको छलफलमा नेकपा एमाले पहिलो दल बन्ने दाबीसमेत गरे । नेकपाका नेताहरूले भने छोटो समयमै निर्वाचन कार्यक्रम अगाडि बढेकोले प्रचारप्रसारमा ध्यान दिन नपाएको बताउँछन् ।

### अल्पायुमै...

लामो समयदेखि लेखन तथा अनुसन्धानमा क्रियाशील लेखक श्रेष्ठ विशेषगरी सम्पदा, संस्कृति, इतिहासलगायत विषयमा विभिन्न पत्रपत्रिकामा अनुसन्धानमूलक लेख लेख्दै आएका थिए । नेवार, नेपाल मण्डल सम्पदा, नेपाल जात्रा संस्कृति, नेपालका धर्महरू, जातजाति र संघीयतालगायत कृति प्रकाशित गरिसकेका लेखक श्रेष्ठको पछिल्लो कृति योगदानी व्यक्तित्वहरू हो । उनी पत्रकारिताहुँदै लेखन क्षेत्रमा प्रवेश गरेका हुन् ।

काठमाडौंको लाजिम्पाट स्थायी घर भएका उनी पछिल्लो समय भने फर्पिङमा बस्दै आएका थिए । सादा जीवन अँगाल्न रुचाउने उनी साहित्यका विभिन्न विधामा योगदान रहेको छ । मृतक श्रेष्ठको बुधबार साँझ पशुपतिस्थित आर्यघाटमा दाहासंस्कार गरिएको परिवारले जानकारी दिएको छ ।

### चुनावी घोषणापत्रमा...

एमालेले रेमिटचान्स पठाउने कामदारलाई वार्षिक पाँच हजार बोनस दिने, चर्को व्याजमा ऋण लिएर वैदेशिक रोजगारीमा जाने प्रवृत्तिको अन्त्य गर्ने, विदेसिनुपर्ने बाध्यकारी अवस्था हटाउनेजस्ता विषय समेटेको छ । त्यस्तै, नेकपाले रेमिटचान्सको सही सदुपयोग, रिटर्नीको व्यवस्थापनदेखि रोजगारीमा जाने श्रमिकमाथि हुने शोषणको अन्त्यसम्म वैदेशिक रोजगारीमा देखिएका सबै समस्याको अन्त्य गर्ने दाबी गरेको छ । यी दलले वैदेशिक रोजगारीका समस्याहरू हटाउने बताए पनि त्यसका लागि स्रोत कसरी परिचालन गर्ने, कानुनी अड्चनहरू कसरी हटाउने, क्षमता सुदृढीकरणमा के कति काम गर्ने, कसरी राजनीतिक हस्तक्षेप गर्नेजस्ता विषय प्रस्तुत गरेका छैनन् । जसका कारण प्रतिज्ञापत्रमा लेखिएकायोजनाहरू घोषणापत्रमै सीमित हुँदै आएका छन् ।

सबै दलको बाचापत्रमा आन्तरिक रोजगारी सिर्जना गरेर विदेसिनुपर्ने बाध्यात्मक परिस्थितिको अन्त्य गरिने भनिएको छ । आगामी पाँच वर्षमा लाखौं रोजगारी सिर्जना गर्ने आश्वासन दिइएको छ । नेपाली कांग्रेसले १५ लाख, रास्वपाले २५ लाख रोजगारी सिर्जना गर्ने दाबी गर्दा उज्यालो नेपाल पार्टीले त ४५ लाख रोजगारी सिर्जना गर्ने भनेको छ । यसपटक तुलनात्मक रूपमा कांग्रेसको घोषणापत्रमा सुधार आएको श्रमविद् नेपालले बताए । रोजगारी सिर्जना गर्ने भन्दै गर्दा यसरी गर्न सकिन्छ भनेर आधारहरूमा पनि स्पष्टता देखिएको उनले बताए । उज्यालो नेपाल पार्टीले भने अपत्यारिलो दाबी गरेको उनको तर्क छ ।

'घोषणापत्रका सुधारिएको स्वरूप नेपाली कांग्रेसको देखिएको छ । १५ लाख रोजगारी कसरी सिर्जना गर्ने भनेर उद्यमशीलता, पर्यटनजस्ता च्याप्टरहरूमा राखिएको छ । विगतका र अन्य दलको तुलनामा अब्बल लाग्यो । यदि यसलाई कार्यान्वय गरियो भने फल दिने खालको देखिन्छ,' उनले भने, 'उज्यालो नेपाल पार्टीको घोषणापत्रमा राखिएको ४५ लाख रोजगारी सिर्जना रियालिस्टिक छैन । हुन त उद्देश्य महत्त्वाकांक्षी पनि हुन्छ तर यो चाहिँ अपत्यारिलो पनि छ ।'

नेपालका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले पनि योजना कार्यान्वयनको आधार केही हदसम्म समावेश गरेको छ । यद्यपि, कांग्रेसको जत्तिको स्पष्टता भने नपाइएको उनले बताए । उद्यमशीलतामार्फत स्वरोजगार, स्रोत सुनिश्चितता, रोजगारीमा प्रविधिको प्रयोगजस्ता विषय रास्वपाको घोषणापत्रमा आएको उनले बताए । आप्रवासनविद् डा. केशव बस्याल पनि दलहरूले दाबी गरेअनुसार वैदेशिक रोजगारी न्यून हुँदै जानेमा विश्वस्त हुने आधार नभएको बताउँछन् । यसपटकको घोषणापत्र संख्याको प्रतिस्पर्धाजस्तो देखिएको उनको तर्क छ ।

'विगतमा पनि यस्तै यस्तै घोषणापत्र हुन्थे । दलहरूले अंक नै तोकेर यति लाख आन्तरिक रोजगारी सिर्जना गर्ने भनेका छन् । तर त्यसको आधार के हो भन्ने स्पष्टता देखिँदैन,' उनले भने, 'रोजगारी सिर्जना गर्ने भन्ने संख्या धेरै राखेर मतदातालाई आकर्षित गर्न सकिन्छ कि भन्ने देखिन्छ । यसर्थ घोषणापत्रकै आधारमा वैदेशिक रोजगारी न्यून हुँदै जान्छ भनेर भन्न सकिँदैन ।'

वैदेशिक रोजगारीलाई सुधार्न के गर्ने, लागतलाई शून्यमा कसरी झार्नेजस्ता विषय राखेको भए विश्वसनीय हुने बस्यालको छ । कांग्रेसको घोषणापत्रमा योजना कार्यान्वयनका आधारहरू राखिएकाले तुलनात्मकरूपमा बलियो भए पनि कार्यान्वयनको सुनिश्चितता भने नभएको उनले बताए । 'थोरै आधारचाहिँ नेपाली कांग्रेसको देखियो । तर कार्यान्वयनमा जाँदा के हुन्छ भनेर भन्न सकिँदैन । किनकि विगतमा पनि सरकारमै रहेको पार्टी हो,' बस्यालले भने, 'यद्यपि, अन्य कार्यक्रमकै आधारमा पनि बढी विश्वसनीय कांग्रेस नै देखिन्छ । अरुको महत्त्वाकांक्षी देखिन्छ ।'

### अनलाइन ठगी...

मन्त्रालयले आर्थिक स्रोत अभाव, जटिल कानुनी प्रक्रिया र सशस्त्र समूहको नियन्त्रणमा रहेका क्षेत्रमा सञ्चालन हुने स्क्याम केन्द्रका कारण उद्धार कठिन हुने जनाएको छ । विशेषगरी म्यान्मारको सीमाक्षेत्र र कम्बोडियाका केही भागमा सरकारी नियन्त्रण कमजोर भएकाले समस्या बढेको बताइएको छ ।

मन्त्रालयले भने विदेश जानुअघि आधिकारिक प्रक्रिया पूरा गर्न, श्रम स्वीकृति लिन र आकर्षक प्रस्ताव देखाउने दलाल वा एजेन्टमाथि विश्वास नगर्न आग्रह गरेको छ । भिजिट भिसामा उच्च जोखिम भएका देशमा रोजगारी खोज्न नजान पनि चेतावनी दिएको छ ।

# निष्पक्ष निर्वाचन गराउन राष्ट्रिय मानवअधिकार आयोगको आग्रह

**काठमाडौं (प्रस)**– राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष तपबहादुर मगरले आसन्न निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित तुल्याउन सबैसँग आग्रह गरेका छन् । स्वच्छ निर्वाचनका लागि नागरिक अभियानद्वारा बुधबार यहाँ आयोजित 'लोकतन्त्रको स्थायित्वका लागि निर्वाचन र सरोकारवालाको' भूमिका विषय कार्यक्रममा उनले निर्वाचनका लागि स्वच्छ वातावरण बनाउन सरकार, राजनीतिक दल, नागरिक समाज, सुरक्षा निकाय र सञ्चारजगतको महत्त्वपूर्ण भूमिका रहने धारणा राखे ।

अध्यक्ष मगरले भने, 'जनताले निष्पक्षरूपमा आफ्नो सक्षम र योग्य जनप्रतिनिधि छान्न पाउनुपर्छ । मतदातालाई दिग्भ्रमित हुने कार्य कसैबाट हुनुहुन्न ।'

नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक डम्बरबहादुर विकले निर्वाचन सुरक्षा व्यवस्थापन र तयारीका हिसाबले मतदानका दिन गर्नुपर्नेबाहेक सम्पूर्ण तयारी पूरा गरेको बताए । उनले भने, 'आममतदाताले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा मतदान गर्न पाउनुहुन्छ । त्यसका लागि राजनीतिक दल र उम्मेदवार आवश्यक सहयोग हुने छ ।'


**बिमालेख हरायो**

मिति २०८२/१०/०१ गते कलंकिदेखि गोगंबुसम्म जाने क्रममा मेरो निम्न व्होरा भएको **LIC Nepal Ltd को बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सुजना बयलकोटि**
**बिमालेख नं.: 210007091**
**ठेगाना : भरतपुर-११ चितवन**
**मोबाइलः ९८५१०६१२४७**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/११/१४**

**जम्पा हेल्दी फुड्स प्रा. लि.** को मिति २०८२/११/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जम्पा मल्टिपर्पोज प्रा. लि. (दर्ता नं. २४८६६८)** कायम गर्ने गरी मिति २०८२/१०/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/११/१४**

**इन्साईन कन्ट्याक्ट कन्सल्टेन्सी प्रा. लि.** को मिति २०८२/०९/२३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तिनजुरे कन्ट्याक्ट कन्सल्टेन्सी प्रा. लि. (दर्ता नं. ३३६८३२)** कायम गर्ने गरी मिति २०८२/१०/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

*तेस्रो पटक प्रकाशित मिति : २०८२/११/१४*

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/११/१० मा स्वीकृती प्राप्त भई साविक कम्पनी **मन्त्र एड मिडिया प्रा.लि. (प्रा.लि.नं. २८५७४०)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **फास्ट ट्र्याक ट्रेडिङ प्रा.लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/१४ गते**

यस कम्पनीको मिति २०८२/१०/१४ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मिथ क्याफे प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जम्बला रेष्टुरेण्ट क्याफे (प्रा.लि.नं. ३२४४६४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/१४ गते**

यस कम्पनीको मिति २०८२/१०/२६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ए.वि.सि. युनिक ट्राभल्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अन्नपुर्ण ट्राभल लिङ्कस (प्रा.लि.नं. १५२८६०)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/११/१४ गते**

**गोदावरी आइरन स्टोर्स प्रा.लि.** को २०८२/११/०५ मा सम्पन्न वार्षिक साधारण सभाको विशेष निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./७९२७२, मिति २०८२/११/११ को निर्णयानुसार साविकको गोदावरी आइरन स्टोर्स प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **कसमस हस्पिटालिटी एण्ड टेडिङ्ग प्रा.लि.** कम्पनीले सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **कसमस हस्पिटालिटी एण्ड टेडिङ्ग प्रा.लि.** (**Cosmos Hospitality And Trading Pvt Ltd**) कायम गरिने व्योहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना**

२०६९/०८/१७ मा दर्ता भएको यस **मेराकी बुटिक प्रा.लि. (प्रा.लि.नं. १०७६२०)** लाई मिति २०८२/११/१३ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)**
**का.म.न.पा. २९, काठमाडौं सम्पर्क नम्बर (९८१३२४४६५५)**

**ललितपुर महानगरपालिका**
**४ नं. वडा कार्यालय**
**जावलाखेल, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

**संधियारको नाममा ३५ दिने सूचना**

प्रकाशित मिति : २०८२/११/१४

यस ललितपुर महानगरपालिका वडा नं.४ बस्ने शुभ नारायण ठाकुरको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता प्रमाणित रहेको ललितपुर जिल्ला नगर वडा नं.४ कित्ता नं.१६३२ क्षेत्रफल ०-४-०-० मा बनेको घरको अभिलेखीकरण गरी नक्सा पास प्रयोजनको लागि संधियारको सूचना दिने क्रममा पश्चिम तर्फको संधियार सुनिल चौधरी सूचना दिन जादाँ सम्पर्कमा नआएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र यस कार्यालयमा सम्पर्कमा आउनुहुन जानकारी गराइन्छ अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, १४ फागुन, २०८२**

| | |
|---|---|
| **मेष** | नयाँ नयाँ योजना बन्ने योग परेको छ । भोकालाई भोजन गराएमा पूण्यमा वृद्धि हुनेछ । |
| **वृष** | आर्थिक गतिविधिमा ध्यान दिनुहोला। महालक्ष्मीको स्मरण गर्दै गरिब कन्यालाई वस्त्र दान गरेमा लाभ मिल्नेछ । |
| **मिथुन** | पारिवारिक सुख मिल्नेछ । वृद्ध वृद्धालाई भोजन गराएमा दुष्कर्म नाश भएर जानेछन् । |
| **कर्कट** | बोलिको प्रभाव बढ्नेछ । दुखी गरिबलाई कापीकलम दिएमा सरस्वती प्रशन्न हुनेछिन । |
| **सिंह** | आत्मविश्वास बढ्नेछ । आफूभन्दा तलका कर्मचारीलाई सौम्य व्यवहार गरेमा कष्ट दूर हुनेछन् । |
| **कन्या** | कार्यमा केही वाधा आउन सक्छ । गुरुजनको आशिर्वाद लिएर अघि बढेमा व्यवधान हटेर जानेछन् । |
| **तुला** | मन प्रशन्न रहनेछ । निश्काम कर्मभावमा रहि अनवरत ईश्वरको स्मरण गरेमा क्लेशहरू हटेर जानेछन् । |
| **वृश्चिक** | कार्यक्षेत्रमा यहाँको सम्मान हुनेछ । बाटोमा बसेका आर्तहरूलाई मीठाइ खुवाउन नभुल्नुहोला । |
| **धनु** | धर्मकर्ममा रुचि बढ्नेछ । साधु सन्तको सेवा गरेमा पूण्यमा वृद्धि हुनेछ । |
| **मकर** | अनावश्यक विवादबाट बच्नुहोला । दिनभरी सिताराम मन्त्रको मानसिक जप जारी राख्नुहोला । |
| **कुम्भ** | प्रेम र मित्रताको बन्धन मजबुत हुनेछ । सडकमा भेटिने भोका जनावरलाई केही खुवाउनुहोला । |
| **मीन** | फसेको धन फर्कन सक्छ । चराचुरुङ्गीलाई चारो दिन नभुल्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ फागुन, २०८२ (२६ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.२३ | १४५.८३ |
| युरो | १ को | १७१.१० | १७१.८० |
| पाउन्ड स्टिर्लङ | १ को | १९५.९४ | १९६.७५ |
| स्विस फ्रैन्क | १ को | १८७.७२ | १८८.५० |
| अस्ट्रेलियन डलर | १ को | १०२.३९ | १०२.८१ |
| क्यानाडियन डलर | १ को | १०५.९६ | १०६.३९ |
| सिङ्गापुर डलर | १ को | ११४.६७ | ११५.१४ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | २१.११ | २१.२० |
| साउदी अरब रियाल | १ को | ३८.७१ | ३८.८७ |
| कतारी रियाल | १ को | ३९.७३ | ३९.९० |
| थाई भाट | ख १ को | ४.६८ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५४ | ३९.७० |
| मलेसियन रिङ्गेट | १ को | ३७.३० | ३७.४५ |
| दक्षिण कोरियन वन | १०० को | १०.०७ | १०.११ |
| स्विडिस क्रोनर | १ को | १६.०१ | १६.०८ |
| डेनिस क्रोनर | १ को | २२.९० | २३.०० |
| हङकङ डलर | १ को | १८.५७ | १८.६४ |
| कुवेती दिनार | १ को | ४७५.३८ | ४७७.३५ |
| बहराइन दिनार | १ को | ३८५.१७ | ३८६.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# आचारसंहिता कार्यान्वयनमा निरीह आयोग

प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारहरू अहिले चुनावी मैदानमा उत्रेका छन् । मैदानमा 'फेयर प्ले'का लागि निर्वाचन आयोगले आचारसंहिता जारी गरेको छ । तर दल, उम्मेदवारहरूले आयोगको आचारसंहिता फिटिक्कै मानिरहेको छैन । खासगरी निर्वाचन प्रचारमा कुनै पर्चा वा पोस्टर टाँस्न नपाइने, बालबालिकाको प्रयोग गर्न नपाइने, भोजभतेर गर्न नपाइने, सामाजिक सञ्जालमा होच्याउने, मिथ्य सूचना, दुष्प्रचार वा घृणास्पद अभिव्यक्ति दिन नहुने विषय उल्लेख छन् । यसैगरी उम्मेदवारहरूलाई चुनावी खर्चका लागि बैंक खाता खोल्नसमेत भनेको छ ।

तर उम्मेदवारले यी आचारसंहिता उल्लंघन गरेको घटना चौतर्फी देखिन्छन् । आयोगले खासै ध्यान नदिएपछि उजुरीको चाङ लागेको छ । आयोगले स्पष्टीकरण सोधेजस्तो गर्ने अनि चुप लागेर बस्ने प्रवृत्ति देखिन्छ । यही कारण होला उम्मेदवारले आयोगलाई फिटिक्कै टेरेको देखिँदैन । नियममा रहेर खेल खेल्न आयोगले कुशल रेफ्रीको भूमिका निभाउनुपर्छ । तर मनपरी प्रचारमा पनि आयोगले निरीहता प्रदर्शन गरिरहेको छ । आचारसंहितामा सरकार, उम्मेदवार तथा सञ्चार माध्यमले पालना गर्नुपर्ने नियमको छुट्टाछुट्टै व्यवस्था गरिएको छ ।

नेपाल सरकार र सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्रीलाई पूर्णरूरूपमा आचारसंहिता लाग्छ । यस्तै, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र उक्त निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई पूर्णरूपमा आचारसंहिता लाग्छ ।

सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीसमेत आचारसंहिताको दायरामा छन् । राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ संगठन, उम्मेदवार तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिलाई आचारसंहिता लाग्छ । संवैधानिक निकाय, सो निकायका पदाधिकारी, सुरक्षा निकाय, सुरक्षाकर्मी, एवं कर्मचारी, सार्वजनिक पद धारण गरेका व्यक्ति अनुमगन समितिका पदाधिकारी तथा अनुगमनकर्तालाई निर्वाचन आचारसंहिता लाग्छ ।

सरकारी कर्मचारीले मत माग्न नपाइने भए पनि सामाजिक सञ्जालमा प्रचार सामग्री बनाएर मत मागिरहेको देखिन्छ । यसमा आयोगको अनुगमन एकदम फितलो देखिन्छ । यता विभिन्न सञ्चारमाध्यमले मत प्रभावित पार्ने गरी सर्वेक्षण प्रकाशन गर्ने काम गरिरहेका छन् । निर्वाचन आचारसंहिताको उल्लंघनमा आयोगले एक लाखसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्दसम्मको कारबाही गर्न सक्ने व्यवस्था छ । यो जरिवाना केवल दस्ताबेजमा उल्लेख गर्ने विषय होइन्, कार्यान्वयनको सवाल हो । तर आयोग कुशल रेफ्रीको भूमिकामा उत्रन सकेको छैन । जसले गर्दा आयोग आचारसंहिता कार्यान्वयनमा निरीह रहेको प्रस्टै भएको छ ।

श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

## १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

## २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

## ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।


## ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

## ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# निर्वाचन प्रणाली सुधारका लागि बहसको थालनी



❑ भोजराज पोखरेल

"आज नेपालको लोकतन्त्रको भविष्य निर्वाचन प्रणालीको विश्वसनीयतासँग प्रत्यक्षरूपमा जोडिएको छ । जनताले आफ्नो मतको मूल्य सुरक्षित रहेको अनुभूति नगरेसम्म लोकतन्त्रको आधार कमजोर रहन्छ । निर्वाचन प्रणाली स्थिर संरचना होइन; यो समाजको परिवर्तनसँगै परिमार्जित हुँदै जानुपर्ने जीवित प्रणाली हो । समावेशिता, पारदर्शिता, खर्च नियन्त्रण, प्रविधिको विश्वसनीय प्रयोग र राजनीतिक संस्कृतिमा सुधार-यी सबै पक्षलाई सन्तुलितरूपमा अघि बढाउन सकेमात्र नेपालको लोकतन्त्र सुदृढ बन्न सक्छ ।

लोकतन्त्रमा निर्वाचन प्रणाली केवल प्रतिनिधि छनोट गर्ने प्राविधिक प्रक्रियामात्र होइन, राज्यको वैधता, समावेशिता र जनविश्वासको आधारस्तम्भ हो । निर्वाचन प्रणालीलाई समयानुकूल सुधार नगर्ने हो भने लोकतन्त्रको संस्थागत मजबुती कमजोर हुन सक्छ । नेपालको निर्वाचन प्रणालीलाई अझ समावेशी, पारदर्शी र विश्वसनीय बनाउन सकिएमा मात्रै लोकतन्त्रलाई संरचनात्मक रूपमामात्र नभई व्यावहारिकरूपमा पनि जनमुखी बनाउन सकिन्छ । नेपालको निर्वाचन प्रणालीलाई समावेशी, पारदर्शी र उत्तरदायी बनाउने दिशामा बहस गर्नुपर्ने बेला आएको छ ।

नेपालले लामो समयसम्म बहुमतीय निर्वाचन प्रणालीलाई अवलम्बन गर्दै आएको थियो । २०६२/६३ सालको जनआन्दोलनपछि द्वन्द्व व्यवस्थापन गर्ने क्रममा अन्तरिम संविधान बनाउँदा मिश्रित निर्वाचन प्रणालीलाई अपनाइएको हो । यो बहुमत र समानुपातिक प्रणालीको सम्झौताबाट आएको प्रणाली हो । द्वन्द्वको विभिन्न कारक तत्वहरूमध्ये नीति निर्माण तहमा सबैको आवाज नपुगेको अवस्थाले पनि हो । नीति निर्माण तहमा कुनै खास वर्ग, समूह वा लिंगको बोलबाला रहेको तर महिला, आदिवासी, जनजाति, दलित, मधेसीको प्रतिनिधित्व हुन सकेन भन्ने गुनासोकै आधारमा अन्तरिम संविधानमा मिश्रित प्रणालीको व्यवस्था गरिएको थियो । विविध जातीय, भाषिक, भौगोलिक र लैंगिक संरचना भएको मुलुकमा प्रत्यक्ष निर्वाचन प्रणालीले सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न नसकेको परिवेशमा समानुपातिकतर्फ जनसंख्याको आधारमा समानुपतिक प्रतिनिधित्व गराउन कोटाको व्यवस्था भयो ।

मिश्रित निर्वाचन प्रणालीबाट हामीले संसद्लाई समावेशी बनाउने प्रयास गर्‍यौं । संविधानसभामा भएको प्रतिनिधित्वले समावेशी चरित्रको नेपालको संविधान निर्माण गर्‍यो । समानुपातिक प्रणालीमार्फत महिलादेखि दलित, आदिवासी जनजाति, मधेसी र पिछडिएका वर्गको संसद्मा उपस्थिति बढेको छ । यो सकारात्मक पाटो हो तर व्यवहारमा संसद्मा दुईखाले प्रत्यक्ष र समानुपातिक सांसद रहन पुग्यो । समानुपातिकबाट आएका कतिपय सांसदहरूको क्षमतामाथि प्रश्न उठ्यो । समानुपातिक सूची तयार गर्दा दलहरूभित्र पारदर्शिता र आन्तरिक लोकतन्त्रको अभावले समावेशितालाई केवल औपचारिकतामा सीमित बनाउने खतरा देखियो । संसद्मा कुनै दलले बहुमत ल्याउने अवस्था रहेन । यसले गर्दा प्रणालीमाथि नै बहस हुन थाल्यो । मिश्रित निर्वाचन प्रणालीले बहुमत दिँदैन भन्ने सबैलाई थाहा छ । यो प्रणालीले त्यतिबेला काम गर्छ, जब राजनीतिक दलहरूमा सहमतीय संस्कारको विकास हुन्छ । हाम्रा दलहरू अझै संस्थागत हुन सकेका छैनन् । चुनावको सिद्धान्त भनेकै बहुमत ल्याउनेले पाँच वर्ष शासन गर्ने र बहुमत नल्याउनेले प्रतिपक्षमा रहेर सरकारलाई खबरदारी गर्ने नै हो । तर हाम्रा दलहरूमा त्यो धैर्यता नहुँदा राजनीतिक प्रणाली र दलहरूबीचको चरित्रमा ठूलो अन्तर देखापरेको छ । यसैको परिणामस्वरूप सत्ता र शक्ति केन्द्रित निरन्तर हुने गठबन्धनले आमनागरिकमा व्यवस्थाप्रति नै अविश्वास बढायो ।

संसारमा कुनै निर्वाचन प्रणाली राम्रो वा नराम्रो भन्ने कुरालाई भन्दा त्यसलाई चलाउने व्यक्तिको क्षमतामा मूल्यांकन गर्ने गरिन्छ । राम्रो शासन व्यवस्था भएका, भ्रष्टाचार कम भएका, सुशासन भएका र जनता खुसी भएका देशहरूको सूचीलाई हेर्दा त्यस्ता बहुमत देशहरूले पूर्णसमानुपातिक निर्वाचन प्रणाली अपनाएको देखिन्छ । बहुमतीय प्रणालीमा कुनै दलको बहुमत नआए पनि राजनीतिक दलहरूबीच मिलेर संयुक्त सरकार चलाएको छिमेकी मुलुक भारतबाटै सिक्न सकिन्छ । समावेशिताको सवालमा नेपालको निर्वाचन प्रणालीले ऐतिहासिक उपलब्धि हासिल गरेको भए पनि यसको गुणात्मक पक्ष अझै कमजोर रहेको आमगुनासो छ । संसद्मा संख्या बढ्नुमात्र पर्याप्त होइन; नीति निर्माणमा प्रभावकारी सहभागिता सुनिश्चित हुनुपर्छ । हामीले जे-जे निर्वाचन प्रणाली अभ्यासमा ल्यायौं, विगतमा जतिपटक बहुमतका सरकार बने तर ती दलहरूभित्र आन्तरिक व्यवस्थापन नहुँदा अल्पायुमै सरकारहरू ढल्न पुगे ।

यद्यपि, हाम्रो निर्वाचन प्रणालीमा केही सुधार गर्न आवश्यक छ । समानुपातिकलाई दलहरूले नराम्ररी गिजोल्ने काम गरे । केही वर्षयता निर्वाचन निकै खर्चिलो बनेको छ । अपवित्र पैसा चलाउने व्यक्ति अगाडि आएको छ । इमान्दार व्यक्तिले निर्वाचन नलड्ने अवस्था आएको छ भने असमानबीच प्रतिस्पर्धा हुने गरेको छ । शासनको अभ्यास गर्दा गलत परिपाटीको विकास गरिएको छ । दल र सरकारबीच फरक देखिएन । राज्य संयन्त्रलाई दलका स्थानीयदेखि केन्द्रसम्मका समानान्तर संस्थाहरूले दलको बन्धक बनाउने अवस्था रहेको छ । निर्वाचित निकायले स्वतन्त्रतापूर्वक काम गर्न नपाएको अवस्था देखिन्छ । यसले गर्दा नेता-कार्यकर्तालाई जसरी पनि शक्तिमा जानुपर्ने महत्त्वाकांक्षा बढेको छ ।

राजनीतिमा परिपक्वता आउनु जरुरी छ । दलहरूमा सहिष्णुता, आन्तरिक लोकतन्त्रको अभ्यास, उत्तरदायी र जिम्मेवारी हुनुपर्छ । जब लोकतन्त्र परिपक्व हुँदै जान्छ, दलहरूको प्रस्तुतिमा पनि परिमार्जन हुँदै जान्छ । पश्चिमी देशहरूमा कुनै खास अवस्थामामात्र दलहरू मैदानमा आउँछन्, अरू बेला निष्क्रिय रहन्छन् । शासन सत्तामा अतिक्रमण गर्दैनन् । यसले गर्दा दलहरू जनतामाझ बदनाम भएका हुँदैनन् । हाम्रो देशमा पनि यस किसिमको राजनीतिक सुधारको आवश्यकता रहेको छ ।

## अब के गर्ने ?

निर्वाचनबाट आउने संसद्लाई समावेशी, जनउत्तरदायी र जिम्मेवारपूर्ण बनाउन हालको निर्वाचन प्रणालीमा केही सुधारका विकल्पहरू हुन सक्दछन् । हामी पहिलेको जस्तो बहुमतीय (पहिलो हुने निर्वाचित हुने) प्रणालीमा जान सक्छौं तर यसमा प्रतिनिधित्व नहुनेहरूका लागि उम्मेदवारीमै मिलाउन सकिन्छ । उम्मेदवारीमा जनसंख्याको प्रतिशतको आधारमा गर्न सकिन्छ । यसका विभिन्न अभ्यासहरू छन् । अर्को विकल्प भनेको पूर्ण समानुपातिक हुन सक्छ । यसो गर्दा निर्वाचन खर्च कम हुने, अशान्ति नहुने हुन्छ । विगतका समानुपातिक प्रणालीका कमजोरीलाई कानुनबाट नियन्त्रण गर्न सकिन्छ । अत्यधिक खर्चले राजनीतिक प्रतिस्पर्धालाई असमान बनाउँछ, धनबलको प्रभाव बढाउँछ र योग्य तर आर्थिकरूपमा कमजोर उम्मेदवारहरूलाई प्रतिस्पर्धाबाट बाहिर धकेल्छ । यसले दीर्घकालमा राजनीतिक नेतृत्वको चरित्र नै परिवर्तन गर्न सक्छ ।

तेस्रो विकल्प भनेको हालको जस्तो मिश्रित निर्वाचन प्रणालीमा जाँदा प्रत्यक्षतर्फको उम्मेदवारीमा भएको अन्यायको अन्त्य गर्नुपर्छ । अहिले समानुपातिकतर्फको सिटलाई सबै जनसंख्यालाई कोटामा बाँड्यौं तर त्यो कोटामा आर्थिक, सामाजिक, शैक्षिकरूपमा पछाडि परेका वर्गलाई न्याय गर्न सकेनौं । अंशबण्डा गरेर होइन, जो प्रत्यक्षबाट आउन सक्तैन, विविध कारणबाट कमजोर छ त्यो लिंग, समूह र वर्गलाई मौका दिनुपर्ने हुन्छ र त्यसकालागि मात्र कोटा छुटयाउँदा हुन्छ । अरू सक्षमहरू प्रत्यक्ष निर्वाचनबाटै आउन सक्छन् । त्यस्तै समग्र देशलाई एउटा निर्वाचन क्षेत्र मानेर समानुपातिक सूची तयार गर्दा दलको नेतृत्वले आफूलाई अनुकूल हुनेगरी क्षेत्रीय सन्तुलन नमिल्नेगरी उम्मेदवार छनोट गर्न थाले । यसो गर्दा कुनै क्षेत्र, वर्ग वा समुदायबाट कसैको प्रतिनिधित्व नहुने, कसैको धेरै हुने अवस्था छ । अब त्यसको सट्टा प्रदेशस्तरीय सूची बनाउन सकिन्छ । यसो गर्दा हरेक प्रदेशको विशेषता, त्यहाँको भूगोल, जनसंख्या, संस्कृतिको प्रतिनिधित्व हुन सक्छ । यसमा ८० प्रतिशत प्रादेशिक र २० प्रतिशत राष्ट्रिय दृष्टिले सूची बनाउन सकिन्छ । त्यो २० प्रतिशतमा राज्यले सम्मान गर्नुपर्ने, संसद्मा नभई नहुने विशिष्ट व्यक्तिहरूलाई समेट्न सकिन्छ ।

समानुपातिकतर्फ हालको थ्रेसहोल्ड तीन प्रतिशतको प्रावधानले गर्दा सरकार बनाउन समस्या भएको भन्ने पनि गरिन्छ । यदि त्यसो हो भने यसमा थोरै थपघट गर्दा फरक पर्दैन । लक्षित वर्गलाई समेट्ने गरी कोटा छुटयाउँदा अहिलेको भन्दा आधाभन्दा बढी समानुपातिक सिट आवश्यक पर्दैन । त्यसरी बचत हुने सिटबाट प्रत्यक्षतर्फको सिट बढाउन पनि सकिन्छ । यसो गर्दा एउटै दलले बहुमत ल्याउन सक्ने सम्भावना हुनसक्छ ।

## आसन्न निर्वाचनको महत्त्व

अहिलेको निर्वाचन असामान्य परिस्थितिले ल्याएको असामान्य निर्वाचन हो । यो अवस्था आउनुमा धेरै तत्वहरू जिम्मेवार छन् । शासन प्रणालीमा उत्तरदायित्व, जवाफदेहिता, सेवा प्रवाह, भ्रष्टाचार, पुस्तान्तरणका प्रश्नहरूले जेन-जी आन्दोलनको प्रस्फुटन गर्‍यो । यी प्रश्नहरूको सम्बोधन गर्नु अबको संसद्को सबैभन्दा ठूलो जिम्मेवारी हुनेछ । यी मुद्दाहरूलाई अपनत्व गरी निकास दिन हाम्रा कानुन, नीति, प्रणालीमा सुधार गर्नुपर्छ, संरचनाहरूलाई बलियो बनाउनुपर्छ र सुशासनको राजमार्गमा देशलाई हिँडाउनुपर्छ ।

आज नेपालको लोकतन्त्रको भविष्य निर्वाचन प्रणालीको विश्वसनीयतासँग प्रत्यक्षरूपमा जोडिएको छ । जनताले आफ्नो मतको मूल्य सुरक्षित रहेको अनुभूति नगरेसम्म लोकतन्त्रको आधार कमजोर रहन्छ । निर्वाचन प्रणाली स्थिर संरचना होइन; यो समाजको परिवर्तनसँगै परिमार्जित हुँदै जानुपर्ने जीवित प्रणाली हो । समावेशिता, पारदर्शिता, खर्च नियन्त्रण, प्रविधिको विश्वसनीय प्रयोग र राजनीतिक संस्कृतिमा सुधार-यी सबै पक्षलाई सन्तुलितरूपमा अघि बढाउन सकेमात्र नेपालको लोकतन्त्र सुदृढ बन्न सक्छ ।

आगामी फागुन २१ गते हुन गइरहेको निर्वाचनलाई सफल पार्नु हामी सबैको दायित्व हो । निर्वाचन हुन नसक्दा आउने परिणति हामीले सोचेभन्दा डरलाग्दो हुने छ । त्यस्तो अवस्था कसैका लागि पनि फलदायी हुन सक्दैन । निर्वाचन गराउने जिम्मेवारी निर्वाचन आयोगको भए पनि हामी सबैको उत्तिकै भूमिका छ । यस निर्वाचन प्रणालीको अभ्यासबाट कसैको बहुमत आउला-नआउला भन्न सकिन्न । धेरै सिट जितेर सरकारको नेतृत्व गर्ने दलले आफूलाई मात्र हेरेर अगाडि बढ्न खोजे देशमा हिजो भोगेको परिणति पुनः दोहोरिने छ । कुनै दलको बहुमत आउन नसक्दा संयुक्त सरकार बनाउनुपर्ने हुन्छ । त्यति बेला फेरि अपवित्र किसिमको गठबन्धन गरेर जनतालाई निराश पार्नु हुँदैन । नयाँ संसद् बनेलगत्तै सबैको सहमतिबाट एउटा संकल्प प्रस्ताव पारित गरी देशलाई मार्गनिर्देशन गर्न सकोस् र जनतालाई थप निराशाबाट रोक्न सकोस् भन्ने नै शुभकामना ।

*(पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)*

पाठक मञ्च

# देश खरानी बनाउनेलाई सरकारको संरक्षण !

भदौ २३ र २४ गतेको जेन-जी प्रदर्शनमा सिंहदरबार, सर्वोच्च अदालतसहित सयौं सरकारी कार्यालय जलाइयो । ती कार्यालय खरानी बनेका छन् । सर्वोच्चले अदालतमा आगजनी गर्नेविरुद्ध प्रहरीमा जाहेरी दियो । यता, अन्य सरकारी निकायले पनि जाहेरी दिने तयारी गरिरहेको थियो ।

प्रहरीले प्रदर्शनको नाममा अराजक गतिविधिमा संलग्नहरूलाई समात्न भिडियो, फोटो प्रमाण संकलन गरिरहेको थियो । ४१ हजारभन्दा बढी भिडियो संकलन गरिसकिएको थियो । त्यसैले ५९१ जना पक्राउ परिसकेका थिए । प्रदर्शनमा प्रहरीमाथि आक्रमण भएको छ । तीन जना प्रहरी अधिकृतलाई कुटेर मारियो ।

सिंहदरबार जलाएर फोटो खिचियो । देशमा सुशासनका लागि बनेको सुशीला कार्की नेतृत्वको सरकारले पक्राउ परेका सबैलाई छोडिदियो । अन्यलाई पनि पक्राउ नगर्ने भनी क्याबिनेटबाट निर्णय गरियो । दुई दिने आन्दोलनमा सार्वजनिक सम्पत्तिमा ८४ अर्ब ७७ करोड ४५ लाख रूपैयाँबराबरको क्षति भएको छ । यो जनताले तिरेको करबाट निर्माण भएको संरचना हो । यी संरचना निर्माण गर्न त्यति नै खर्च लाग्छ । त्यो पैसा कहाँबाट ल्याउने ? देशको अर्थतन्त्र डामाडोल छ । त्यसैले यी संरचनालाई पुरानै रूपमा फर्काउन धेरै गाह्रो छ ।

अर्कोतिर, निजी सम्पत्तिमा पनि ठूलो क्षति भएको छ । व्यवसायीहरूले आफ्नो दुःख पसिनाको कमाइ र ऋण ल्याएर व्यवसाय खडा गरेका थिए । त्यहाँ अब खरानीको अवशेषमात्र बाँकी छ । आक्रोश पोख्ने नाममा सरकारी सम्पत्ति जलाउने, निजी सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाट गर्नेलाई सुशीला सरकारले छोडिदिएको छ ।

अपराधीहरूलाई धमाधम छोडेपछि जनताले कसरी यहाँ सुरक्षित महसुस गर्न सक्छन् ? निजी क्षेत्रले कसरी लगानी गर्छन् ? विदेशीहरू के देखेर नेपाल आउने ? भोलि पनि आन्दोलनको नाममा यिनै गतिविधि हुँदैन भन्ने के ग्यारेण्टी ? सरकार जोगाउनका लागि अपराधीहरूलाई छोडिराख्ने हो भने देश उँभो लाग्छ ?

सुशासन कायम हुन्छ ? सुशीलालाई प्रधानमन्त्री बनाउन रास्वपाका सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र शाहले समर्थन जनाएका थिए । वर्तमान गृहमन्त्री त बालेनले महानगरमा नियुक्त गरेको कानुनी सल्लाहकार हो । बालेन र रविकै योजनामा २८ वर्षभन्दा मूनिका उमेर समूहलाई भदौ २३ र २४ गते सडकमा ओरालिएको थियो । मुलुकको सम्पत्ति खरानी बनाउन उक्साउने, पर्दापछाडि बसेर प्लानिङ गर्नेहरू अहिले देश बनाउँछौं भन्दै हिँडेका छन् । गौरीबहादुर कार्की नेतृत्वको छानबिन आयोगले कारबाही गर्नुपर्ने भनी सिफारिस गरेका व्यक्तिहरू पनि चुनावी मैदानमा छन् ।

अपराधीहरू राजनीतिमा आउँदा कोही भने बोलेकै आधारमा समातिरहेका छन् । मेडिकल व्यवसायी दुर्गा प्रसाईंले बोल्ने वा सामाजिक सञ्जालमा लेख्नेबित्तिकै सरकारले पक्राउ गर्छ । विनाकारण प्रहरी हिरासतमा राख्छ । उता, सरकारी सम्पत्ति खरानी बनाउनेलाई चाहिँ सरकारले छोड्छ ? सुशीला सरकारको यो कस्तो खालको सुशासन हो ? फागुन २१ गतेपछि सुशीला कार्कीको सरकार हट्छ । जनताबाट चुनिएर आएका नेताहरूले सत्ता सम्हाल्छन् । चुनाव जित्नका लागि अहिले रवि, बालेन र रास्वपाले हर कोसिस गरिरहेका छन् । किनकि, यिनीहरूलाई यो राम्ररी थाहा छ कि अरु राजनीतिक दलको सरकार बन्यो भने यिनीहरूको बास जेलमा हुन्छ ।

देश जलाउने को हो ? अहिले आएर प्रस्ट भएको छ । पहिले जेन-जी जेन-जी भनियो । तर, जेन-जी त रहेनछन् । उनीहरू भएको भए, चुनावमा आउँथे होला । सुधन गुरुङले आफूलाई जेन-जीको लिडर भन्थे । अहिले उनी रास्वपाबाट चुनावमा उठेका छन् । आन्दोलन जेन-जीले गरेको रहेछ कि रवि र बालेनले ? बुझ्नलाई यही उदाहरण काफी छ ।

भदौ २४ गते सुशीला कार्की आफैं सडकमा आएकी छिन् । उनले आन्दोलनलाई झन् उग्र बनाएकी थिइन् । फागुन २१ पछि राजनीतिक दलको सरकार बन्यो भने कार्की जेल जान्छिन् । रास्वपा पहिलेभन्दा धेरै कमजोर भइसकेको छ । जनताले यिनकै योजनामा देश खरानी भयो भन्ने कुरा बुझिसकेका छन् ।

भनिन्छ नि, 'अपराध गर्नेहरू ढिलो भए पनि कानुनको फन्दामा परिहाल्छन् ।' प्रहरीले अपराध गर्नेलाई ३६ वर्षपछि समातेको घटना पनि छ । सुशीला हुञ्जेल देश जलाउनेहरू बच्छन् । त्यसपछि समातिन्छन् । कि त पहिलो पार्टी बनेर आफ्नो एकल सरकार बनाउनुपर्‍यो । जनताले चाहे भने देश खरानी बनाउनेलाई सजाय दिन सक्छन् । देश जलाउनेहरूलाई मतदान नगर्नु नै उनीहरूले सजाय पाउनु हो । त्यसैले जनताले सोचविचार गरेरमात्र मतदान गरौं । देश जलाउनेहरूलाई सदनमा पुर्‍याइयो भने देशको झनै दूर्गति हुन्छ । देशमा लगानीको वातावरण बन्दैन ।

- **अनुसा थापा**, भक्तपुर

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: MELENZANE RESTAURANT, QATAR
कम्पनी : मेलेनजेन रेष्टुरेन्ट, कतार

Pre Approval Date : 2026-02-25 पूर्व स्वीकृति मिति : २०८२/११/१३ LT. No. 339515 एल टि न. ३३९५१५ चलानी नं. ६०२५२९८६ Invoice No. 60252986

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 2 | 1800 | ७१,९९७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter (General) | 7 | 0 | 1700 | ६७,९९७ | | | | | | | |
| 3 | Assistant Chef | 8 | 0 | 1800 | ७१,९९७ | | | | | | | |

COMPANY: TEYSEER SERVICES COMPANY, QATAR
कम्पनी : टेयसिर सर्भिसेस् कम्पनी, कतार

Pre Approval Date : 2026-02-25 पूर्व स्वीकृति मिति : २०८२/११/१३ LT. No. 339516 एल टि न. ३३९५१६ चलानी नं. ६०२५२९८६ Invoice No. 60252986

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | 2500 | ९८,९७४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LIGHT DRIVER/DRIVER | 5 | 0 | 1700 | | | | | | | | |
| 3 | Waiter (General) | 12 | 0 | 1400 | | | | | | | | |
| 4 | Labour | 0 | 3 | 1000 | | | | | | | | |
| 5 | General Worker/P.O. | 3 | 0 | 1000 | | | | | | | | |

The final interview will be conducted in the office on 9rd Mar. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २५ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रु.१५०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



भारतको हैदराबादमा इस्लामिक पवित्र उपवास महिना रमजानमा भेडा र गहुँबाट बनाइएको परम्परागत परिकार 'हलीम' तयार पार्दै भान्सेहरू । *तस्विरः एपी*

# चीनमा मर्जः सन्तुलित व्यापार र युक्रेन शान्तिको एजेण्डा

**बेइजिङ–** युक्रेन युद्ध अन्त्यका लागि चीनको प्रभाव प्रयोग गर्न आग्रह गर्दै र जर्मन कम्पनीहरूका लागि निष्पक्ष व्यापार वातावरणको मागसहित जर्मनीका चान्सलर फ्रेडरिक मर्ज बुधबार दुई दिने भ्रमणका लागि बेइजिङ आइपुगेका छन् । युरोपेली एकतामार्फत सन्तुलित र भरपर्दो साझेदारी निर्माण गर्ने सन्देशसहित उनले चिनियाँ शीर्ष नेतृत्वसँग भेटवार्ता गर्न लागेका हुन् ।

बेइजिङ अवतरणअघि उनले जर्मनीको चीन नीतिलाई युरोपेली सन्दर्भमा राख्नुपर्नेमा जोड दिए । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोन र बेलायती प्रधानमन्त्री किर स्टार्मरको भ्रमणपछि र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रस्तावित यात्राअघि आफू चीन आएको उल्लेख गर्दै मर्जले युरोपको साझा दृष्टिकोण स्पष्ट पारे । 'हामी चीनसँगको साझेदारी सन्तुलित, भरपर्दो, विनियमित र निष्पक्ष चाहन्छौं,' उनले भने, 'र, यही अपेक्षा चिनियाँ पक्षबाट पनि गर्छौं ।'

गत मे महिनामा पदभार सम्हालेपछि पहिलोपटक चीन भ्रमण गरेका मर्जले उदीयमान विश्व व्यवस्थामा आर्थिक र सैन्यरूपमा सबल युरोप आवश्यक रहेको धारणा दोहोऱ्याएका छन् । ट्रम्प प्रशासनको कर नीतिले प्रभावित युरोपले सुरक्षा र रणनीतिक जिम्मेवारी आफैं वहन गर्नुपर्ने अवस्था आएको उनको बुझाइ छ ।

युक्रेन युद्धको सन्दर्भमा उनले बेइजिङको भूमिकालाई निर्णायक ठानेका छन् । 'चीनलाई संलग्न नगरी आजका ठूला विश्व राजनीतिक समस्या समाधान गर्न सकिँदैन,' उनले प्रस्थानअघि भने, 'मस्कोमासमेत बेइजिङको आवाज सुनिन्छ ।' यद्यपि, रुससँग व्यापारिक र कूटनीतिक सम्बन्ध कायम राख्दै आएको चीनले युद्धप्रति निष्पक्ष अडान लिएको दाबी गर्दै आएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले सबै पक्षलाई 'स्थायी र बाध्यकारी शान्ति सम्झौताका लागि अवसर उपयोग गर्न' आह्वान गरेका छन् ।

चीनले अमेरिकी कर नीतिविरुद्ध समर्थन खोजिरहेका बेला मर्जको भ्रमणलाई अर्थपूर्ण रूपमा हेरिएको छ । सिन्ह्वा समाचार एजेन्सीले चीन र जर्मनीलाई बहुपक्षवादका समर्थक प्रमुख अर्थतन्त्रका रूपमा चित्रित गर्दै आपूर्ति शृंखला स्थिर राख्ने साझा जिम्मेवारी रहेको उल्लेख गरेको छ ।

आर्थिक असन्तुलन जर्मनीका लागि मुख्य चासो बनेको छ । गत वर्ष चीनबाट जर्मनीको आयात ८.८ प्रतिशतले बढेर एक खर्ब ७० अर्ब ६० करोड युरो पुगेको छ भने चीनतर्फ निर्यात ९.७ प्रतिशतले घटेर ८१ अर्ब ३० करोड युरोमा सीमित भएको छ । चिनियाँ निर्यातको बाढीले युरोपेली उद्योग र रोजगारीमा दबाब सिर्जना गरेको विश्लेषण गरिएको छ ।

युरोपेली नेताहरू चिनियाँ कम्पनीहरूले युरोपमै उत्पादन आधार विस्तार गरून् भन्ने चाहना राख्दै आएका छन् । साथै विद्युतीय सवारीसाधन र सौर्य प्यानल क्षेत्रमा देखिएको अतिक्षमता घटाउन, निर्यात तथा पहुँच प्रतिबन्ध हटाउन र प्रतिस्पर्धा विकृत गर्ने अभ्यास रोक्न आग्रह गरिएको छ । 'जहाँ प्रणालीगत अतिक्षमता र पहुँच अवरोध छन्, त्यहाँ समाधान खोज्न हामी छलफल गर्न चाहन्छौं,' मर्जले स्पष्ट पारे । मर्जको यो भ्रमणले युरोप-चीन सम्बन्धलाई नयाँ सन्तुलनमा लैजाने प्रयाससँगै युक्रेन युद्ध समाधानका लागि बेइजिङमाथि कूटनीतिक दबाब बढाउने संकेत दिएको छ । *रासस/एपी*

# उपहार क्याटलग विवादमा ताकाइची

**टोकियो–** जापानकी प्रधानमन्त्री साने ताकाइची आफ्नै दलका सांसदहरूलाई बधाईस्वरूप उपहार क्याटलग उपलब्ध गराएको विषय सार्वजनिक भएपछि नयाँ विवादमा परेकी छन् । हालै सम्पन्न चुनावमा सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी)ले उल्लेखनीय सफलता हासिल गरेपछि ३०० भन्दा बढी सांसदलाई क्याटलगबाट उपहार छनोट गर्ने अवसर दिइएको खुलासा भएसँगै विपक्षी दलहरूले कडा प्रश्न उठाएका छन् ।

प्रधानमन्त्री ताकाइचीले सामाजिक सञ्जाल एक्समार्फत यो कदम 'कठिन चुनावमा सफल भएका सांसदप्रति प्रशंसाको अभिव्यक्ति' भएको स्पष्ट पारेकी छन् । उनका अनुसार उपहार खरिदमा करदाताको पैसा प्रयोग गरिएको छैन । बुधबार संसद्मा बोल्दै उनले प्रत्येक उपहारको लागत ढुवानी र करसहित करिब ३० हजार येन रहेको र उक्त रकम आफू प्रमुख रहेको नारास्थित एलडिपी शाखाको राजनीतिक कोषबाट व्यहोरेको बताइन् ।

तर यो प्रकरणले जापानी राजनीतिमा यसअघि देखिएको 'स्लस फण्ड' काण्डको स्मरण गराएको छ । सन् २०२३ मा तत्कालीन प्रधानमन्त्री फुमियो किशिदा सोही प्रकरणका कारण दबाबमा पर्नुभएको थियो भने त्यसपछिका राजनीतिक असरले सिगेरु इशिबाको नेतृत्वमा रहेको गठबन्धनले संसद्का दुवै सदनमा बहुमत गुमाएको थियो । त्यसैले नयाँ खुलासाले जनविश्वासमाथि पुनः प्रश्न उठाएको विश्लेषण भइरहेको छ ।

मुख्य विपक्षी मध्यमार्गी सुधार गठबन्धनका नेता जुन्या ओगावाले 'प्रधानमन्त्री ताकाइची, तपाईं पनि ?' भन्ने प्रतिक्रिया सार्वजनिक गर्दै यस विषयमा स्पष्ट जवाफदेहिता माग गरेका छन् । उनले यो नयाँ विकास भएको भन्दै कडाइका साथ छानबिन हुनुपर्ने बताएका छन् । प्रधानमन्त्री ताकाइचीले भने सांसदहरूले पाउने उपहार 'विधायकको रूपमा भविष्यको कार्यमा उपयोगी हुने' आशा व्यक्त गरेकी छन् । *रासस/एएफपी*

## ट्रम्पको १०८ मिनेटको सम्बोधन

# जितको दाबी, विवादको छाया

**वासिङ्टन–** राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार १०८ मिनेट लामो 'स्टेट अफ द युनियन' सम्बोधनमार्फत अमेरिकाले विभिन्न क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरिरहेको दाबी गर्दै आफ्नो प्रशासनको आर्थिक र विदेश नीतिलाई सफल सावित गर्न प्रयास गरेका छन् । घट्दो अनुमोदन दर र आगामी मध्यावधि चुनावको सन्दर्भमा आएको यो भाषण उनको पहिलो कार्यकालकै सबैभन्दा लामो सम्बोधन बनेको छ ।



कंग्रेसको संयुक्त सत्रअघि बोल्दै राष्ट्रपति ट्रम्पले अर्थतन्त्र अपेक्षाभन्दा बलियो रहेको र मतदाताले रिपब्लिकनलाई समर्थन गरे अझ प्रगति हुने बताए । 'हाम्रो देश फेरि जित्दै छ,' उनले भने, 'हामी यति धेरै जित्दै छौं कि कहिलेकाहीँ के गर्ने भन्ने नै थाहा हुँदैन ।'

भाषणमा उनले सैन्य कारबाही, व्यापार नीति र आप्रवासन नियन्त्रणलाई उपलब्धिका रूपमा प्रस्तुत गरे । आयात शुल्कसम्बन्धी सर्वोच्च अदालतको निर्णयप्रति असन्तुष्टि जनाउँदै उनले वैकल्पिक कानुनी प्रावधान प्रयोग गरेर अगाडि बढ्ने संकेत गरे । 'कंग्रेसको कार्य आवश्यक नपर्न सक्छ,' उनले भने । उनले उपभोक्ताले मूल्य चुकाउने आलोचनाबीच पनि शुल्क विदेशी देशले तिर्ने दाबी दोहोऱ्याए ।

सर्वोच्च अदालतका मुख्य न्यायाधीश जोन रोबर्ट्ससहित केही न्यायाधीश कंग्रेसको संयुक्त सत्रमा भइरहेको स्टेट अफ द युनियन सम्बोधनका क्रममा प्रतिनिधिसभा कक्षमै उपस्थित थिए । भाषण चलिरहेकै बेला शुल्कसम्बन्धी निर्णयको प्रसंग उठ्दा डेमोक्रेट सांसदहरूले स्वागत जनाए पनि अन्य विषयमा तीव्र विरोध देखियो । क्यालिफोर्नियाका मार्क टाकानो र मिशिगनकी रशिदा तलैबले खुलारूपमा आलोचना गरे भने अल ग्रीनलाई सम्बोधन सुरु भएको केहीबेरमै विरोध प्रदर्शनपछि कक्षबाट बाहिर निकालियो ।

राष्ट्रपतिले आप्रवासनविरुद्ध कडा सन्देश दिँदै 'अवैध विदेशी होइन, अमेरिकी नागरिकको रक्षा' गर्नुपर्ने बताए । उनले मेल-इन मतपत्र सीमित गर्ने र मतदाता परिचय कडा पार्ने प्रस्तावसमेत अघि सारे । तर जीवनयापनको बढ्दो लागत र अर्थतन्त्रको सुस्त वृद्धिजस्ता विषयले अपेक्षाकृत कम समय पाए । उच्च मूल्य र स्वास्थ्य खर्चबारे डेमोक्रेटलाई दोष दिँदै उनले 'त्यो समस्या तपाईंहरूले सिर्जना गरे' भने ।

भाषणका भावनात्मक क्षणहरूमा ओलम्पिक स्वर्ण विजेता अमेरिकी पुरुष हक्की टोलीलाई सम्मान गरिएको थियो । गोलकिपर कनर हेलेब्यूकलाई प्रेसिडेन्सियल मेडल अफ फ्रिडम दिने घोषणा र नेसनल गार्ड सदस्य एण्ड्र्यु वोल्फलाई पर्पल हार्ट प्रदान गरिँदा दुवै दलका सांसदहरूले उभिएर अभिवादन गरेका थिए । सन् २०२० मा रेडियो होस्ट रस लिम्बगलाई दिइएको सम्मानको स्मरण पनि गराइयो ।

विदेश नीतिमा राष्ट्रपति ट्रम्पले इरानलाई 'आणविक हतियार कहिल्यै राख्न नदिने' चेतावनी दोहोऱ्याए । मध्यपूर्वमा दुई अमेरिकी विमानवाहक पठाइएको पृष्ठभूमिमा उनले कूटनीतिक समाधान प्राथमिकता रहेको तर आवश्यक परे कठोर कदम चाल्ने बताए । उनले तेहरानमाथिको हवाई आक्रमण र भेनेजुएलामा निकोलस मदुरोलाई अपदस्थ गरिएको कारबाहीको प्रशंसा गरे ।

डेमोक्रेटिक प्रतिक्रिया दिँदै भर्जिनियाकी गभर्नर एबिगेल स्प्यानबर्गरले शुल्क नीति, आप्रवासन कदम र संघीय खर्च कटौतीको आलोचना गरे । 'सर्वोच्च अदालतले शुल्क खारेज गरे पनि क्षति भइसकेको छ,' उनले भने ।

मध्यावधि चुनाव नजिकिँदै गर्दा आएको यो लामो सम्बोधनले राष्ट्रपति ट्रम्पको राजनीतिक सन्देश स्पष्ट बनाएको छ- उनी उपलब्धि प्रस्तुत गर्दै मतदातालाई विश्वास दिलाउन चाहन्छन्, तर कंग्रेसभित्रको विभाजन र आर्थिक चिन्ताले त्यसलाई चुनौती दिइरहेको छ । *रासस/एपी*

# इस्टर बमकाण्डमा पूर्वगुप्तचर प्रमुख पक्राउ

**कोलम्बो–** श्रीलंकाले सन् २०१९ को इस्टर सण्डे बम विष्फोट प्रकरणमा देशका पूर्वगुप्तचर प्रमुखलाई पक्राउ गरेसँगै सात वर्षदेखि विवाद र शंकामा रहेको घटनाले नयाँ मोड लिएको छ । ४५ विदेशी नागरिकसहित २७९ जनाको ज्यान लिएको उक्त आक्रमणसँग सम्बन्धित षड्यन्त्र र सहयोगको आरोपमा सेवानिवृत्त मेजर जनरल सुरेश सल्लेलाई बुधबार राजधानी कोलम्बोको उपनगरबाट हिरासतमा लिइएको प्रहरीले जनाएको छ ।

अनुसन्धान अधिकारीका अनुसार सल्लेमाथि इस्टर हमलाको योजनामा संलग्न व्यक्तिहरूसँग सम्पर्क राखेको र षड्यन्त्रमा सहयोग गरेको आरोप लगाइएको छ । उनले यसअघि आत्मघाती आक्रमणको आयोजना गरेको आरोप अस्वीकार गर्दै आएका थिए । अप्रिल २१ मा आक्रमणको सातौं वार्षिकोत्सव नजिकिँदै गर्दा गरिएको यो गिरफ्तारीलाई दीर्घकालदेखि प्रतीक्षित कदमका रूपमा हेरिएको छ ।

समन्वित आत्मघाती विष्फोटहरूले कोलम्बोका तीन उच्चस्तरीय होटल, दुई रोमन क्याथोलिक चर्च र राजधानी बाहिरको एक इभाञ्जेलिकल चर्चलाई लक्षित गरेका थिए । स्वदेशी जिहादी समूहलाई दोषी ठहर गरिए पनि घटनाको पृष्ठभूमिबारे निरन्तर प्रश्न उठ्दै आएका छन् । लगभग चार दशक लामो तमिल पृथकतावादी युद्ध सन् २००९ मा अन्त्य भएपछि नागरिकविरुद्धको यो सबैभन्दा घातक आक्रमण बनेको थियो ।

गोटाबाया राजापाक्ष राष्ट्रपति बनेपछि सन् २०१९ मै सल्लेलाई राज्य गुप्तचर सेवा (एसआइएस) प्रमुखमा पदोन्नति गरिएको थियो । तर सन् २०२४ मा अनुरा कुमार दिसानायक राष्ट्रपति निर्वाचित भएपछि उनलाई पदमुक्त गरिएको थियो । देशको रोमन क्याथोलिक चर्चले पटक-पटक सरकारले वास्तविक योजनाकार पहिचान गर्न असफल भएको आरोप लगाउँदै आएको छ ।

बेलायती प्रसारणकर्ता च्यानल ४ ले सन् २०२३ मा सल्ले इस्लामवादी हमलाकर्तासँग जोडिएको र आक्रमणअघि उनीहरूलाई भेटेको दाबी गरेको थियो । एक ह्विसलब्लोअर (गोप्य जानकारी सार्वजनिक गर्ने व्यक्ति) ले राष्ट्रपति चुनावलाई प्रभावित पार्ने उद्देश्यले आक्रमण हुन दिइएको आरोपसमेत लगाएका थिए । आक्रमणको दुई दिनपछि गोटाबाया राजापाक्षले उम्मेदवारी घोषणा गरेका थिए र इस्लामवादी चरमपन्थ उन्मूलन गर्ने प्रतिबद्धतासहित चुनाव जितेका थिए ।

यसैबीच, एक पूर्वजिहादी सदस्यले समूहलाई प्रारम्भिक चरणमा सैन्य गुप्तचर एकाइबाट आर्थिक सहयोग प्राप्त भएको दाबी गरेका थिए । त्यस समय सरकारले कट्टरपन्थी समूहको पछाडि सेनाको संलग्नता स्वीकार गरेको थियो । तथापि, बम विष्फोटपछि इस्लामिक स्टेट (आइएसआइएस) ले जिम्मेवारी लिएको भए पनि प्रत्यक्ष विदेशी सम्बन्ध पुष्टि गर्ने प्रमाण फेला नपरेको अनुसन्धानकर्ताहरूले बताएका छन् ।

आक्रमणमा ५०० भन्दा बढी घाइते भएका थिए र पर्यटन उद्योगमा गम्भीर असर परेको थियो । सन् २०२१ मा अमेरिकी अधिकारीहरूले पाँच अमेरिकी नागरिकको मृत्यु भएको घटनामा संलग्न रहेको आरोपमा तीन श्रीलंकालीमाथि मुद्दा दायर गरेका थिए । श्रीलंकाको उच्च अदालतले दोषी ठहर गरेका २५ संदिग्धमध्ये तीन जना त्यही प्रकरणसँग सम्बन्धित छन् ।

सर्वोच्च अदालतले तत्कालीन राष्ट्रपति मैत्रीपाला सिरिसेना र चार वरिष्ठ अधिकारीलाई आक्रमण रोक्न असफल भएको ठहर गर्दै १० लाख तीन हजार डलर जरिवाना गरेको थियो । संयुक्त राष्ट्रसंघले पनि घटनासम्बन्धी अघिल्लो अनुसन्धानका केही गोप्य अंश सार्वजनिक गर्न आग्रह गरेको छ । पूर्वगुप्तचर प्रमुखको पक्राउसँगै श्रीलंकामा इस्टर बमकाण्डको सत्य बाहिर ल्याउने माग पुनः तीव्र भएको छ । *रासस/एएफपी*


**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना**
प्रकाशित मितिः २०८२/११/१४

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री ICONIC HR CONSULTANT PVT.LTD. प्रा.लि. (ई.प.नं.१७६०/८१/८२) प्रा.लि.(ई.प.नं.६७१/०६३/०६४) को साविकको ठेगाना काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०३ परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७९/०१/२७ मा दर्ता भएको प्रा.लि.नं. २९०६९९ को **मोहिनी इन्टरनेशनल ट्रेडर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Workforce Services Pvt. Ltd.** (ई.प.नं. १७२/०५६/५७) मा कार्यरत **रमेश तिवारी** (**ना.प्र.प.नं.** ९८१४१६४८), **गौरभ पाण्डे**लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**युएइमा रोजगार** कम्पनी : SUNROCKERS STARS CARPENTRY & FLOORINGCONTRACTING L.L.C
पूर्व स्वीकृति मिति : २०८२/११/१३ | LT. No. 339449 | चलानी नं. ६०२५२९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५९,३९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Layer | 2 | 0 | 1500 | ५९,३९५ | | | | | | | |
| 3 | Electrician. | 2 | 0 | 1500 | ५९,३९५ | | | | | | | |
| 4 | Steel Fixer | 2 | 0 | 1500 | ५९,३९५ | | | | | | | |
| 5 | Stone Mason | 2 | 0 | 1500 | ५९,३९५ | | | | | | | |
| 6 | False Ceiling Worker | 2 | 0 | 1500 | ५९,३९५ | | | | | | | |
| 7 | Tile Layer | 2 | 0 | 1500 | ५९,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २१ गते (5th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Asia Manpower Pvt.ltd. गल्फ एसिया मेनपावर प्रा.लि.
A recruitment Company
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255
Govt. License No. 1278/074/75

**कुवेतमा रोजगार** कम्पनी : KUWAIT FLOUR MILLS & BAKERIS CO.
पूर्व स्वीकृति मिति : २०८२/११/१३ | LT. No. 339606 | चलानी नं. ६०२५२९४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Helpers | 100 | 0 | 144 | ६८,३१० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Driver Kuwait Returned | 30 | 0 | 210 | ९९,६१५ | | | | | | | |
| 3. | Salesman | 100 | 0 | 172 | ८१,५९० | | | | | | | |
| 4. | Vendor/salesman | 100 | 0 | 172 | ८१,५९० | | | | | | | |
| 5. | Machanic | 50 | 0 | 253 | १२०,०१५ | | | | | | | |
| 6. | Electrician (Gulf R) | 50 | 0 | 253 | १२०,०१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २१, २२ र २३ गते (5/6/7 Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


DECENT EMPLOYMENT PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np
श्रम ईजाजत नं. ९०४/०६७/०६८

**कतारमा रोजगार** कम्पनी : NK TRADING CONTRACTING AND GENERAL SERVICES
पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१३ | LT. No. 329694 | चलानी नं. ६०२४३५४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ground Steward(Male) | 1 | 0 | 1400 | ५५,९९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stone Mason | 1 | 0 | 1500 | ५९,९९५ | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1500 | ५९,९९५ | | | | | | | |
| 4 | Labour Maintenance Roads | 1 | 0 | 1200 | ४८,००० | | | | | | | |
| 5 | Driver(Light/heavy) | 1 | 0 | 1500 | ५९,९९५ | | | | | | | |
| 6 | Carpenter Concrete/shuttering | 2 | 0 | 1600 | ६३,९९५ | | | | | | | |
| 7 | Cleaners Indoor Female | 0 | 3 | 1200 | ४८,००० | | | | | | | |
| 8 | Bell Man | 0 | 2 | 1200 | ४८,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २१ गते (5th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu, Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**कतारमा रोजगार** कम्पनी : TRIANGLE GROUP
पूर्व स्वीकृति मिति : २०८२/११/१३ | LT. No. 339474 | चलानी नं. ६०२५२९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | 1000 | ४०,००० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Cleaner | 2 | 0 | 1000 | ४०,००० | | | | | | | |
| 3. | Skilled Building Worker | 4 | 0 | 1000 | ४०,००० | | | | | | | |
| 4. | Labour For Concrete | 3 | 0 | 1000 | ४०,००० | | | | | | | |
| 5. | Supervisor | 1 | 0 | 2500 | ९९,९९५ | | | | | | | |
| 6. | Carpenter | 1 | 0 | 1200 | ४८,००० | | | | | | | |
| 7. | Bldg. Painter | 4 | 0 | 1200 | ४८,००० | | | | | | | |
| 8. | Blacksmith | 5 | 0 | 1200 | ४८,००० | | | | | | | |
| 9. | Assistant To Carpenter | 1 | 0 | 1200 | ४८,००० | | | | | | | |
| 10. | Asst. To Plasterer | 4 | 0 | 1200 | ४८,००० | | | | | | | |
| 11. | Carpenter (Concrete) | 2 | 0 | 1200 | ४८,००० | | | | | | | |
| 12. | Driver | 1 | 0 | 1700 | ६७,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २१ गते (5th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


B. D. INTERNATIONAL RECRUITMENT SERVICES PVT. LTD.
Batishputali, Kathmandu, Nepal, Tel No: 01-5925622, Mobile: 9801024865,
Email Id: info@bdinternational.com.np, bdinternationalrecruitment@gmail.com, Web: www.bdinternational.com.np
श्रम इजाजत नं. १७३०/०७१/०७२

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१४८०० | प्रति तोला – ० | प्रति तोला – ५७१५ |



**पर्यटकको पर्खाइमा** | पोखरा महानगरपालिका-६ गौरीघाटस्थित फेवाताल किनारमा राखिएका डुंगा । पछिल्लो समय निर्वाचनका कारण पर्यटकहरूको कमी आएको छ ।
*तस्बिर: राधिका कँडेल/रासस*

# वाणिज्य रणनीति: दिगो आर्थिक समृद्धिको लक्ष्य


■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले सन् २०२६ नोभेम्बर २४ मा अतिकम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने ऐतिहासिक तयारीस्वरूप वाणिज्य क्षेत्रको रणनीतिक योजना २०८१ सार्वजनिक गरेको छ। ५६ वर्षपछि हुन लागेको यो स्तरोन्नतिले नेपाली व्यापारमा पार्न सक्ने सम्भावित चुनौती र अवसरहरूलाई सम्बोधन गर्दै दिगो आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य योजनामा उल्लेख छ ।

संयुक्त राष्ट्र संघको विकास नीति समितिले प्रति व्यक्ति कम आय भएका, मानव सम्पत्तिको न्यून स्तरको विकास भएका र आर्थिक तथा वातावरणीय जोखिममा रहेका देशलाई अतिकम विकसित मुलुकको परिभाषित गरेको छ। विकास नीति समितिले प्रत्येक तीन वर्षको अन्तरालमा अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती गर्ने सम्बन्धमा मूल्यांकन गर्ने गर्छ यहि मूलयांकनअनुसार नेपाल सन् १९७१ मा यो समूहमा परेको थियो ।

सन् २०१५,२०१८ र २०२१ मा भएका तीनवटा त्रिवर्षी समीषा तथा नेपालले हासिल गरेको न्यूनतम सीमाको आधारमा संयुक्त राष्ट्र संघको विकास नीति समितिले नेपालको स्तरोन्नतिको लागि गरेको सिफारिस तथा आर्थिक तथा समाजिक परिषद्को स्वीकृति अनुसार २३ नोभेम्बर २०२१ मा संयुक्त राष्ट्र संघको महासभाले अनुमोदन गरेको थियो। विकासशील राष्ट्रमो स्तरोन्नतिले नेपाली व्यापारमा पर्न सक्ने सम्भावित प्रभाव र त्यसलाई सम्बोधन गर्न आवश्यक रणनीतिहरू यस योजनामा समेटिएका छन् ।

संयुक्त राष्ट्र संघको विकास नीति समितिले प्रतिव्यक्ति आय, मानव सम्पत्ति र आर्थिक तथा वातावरणीय जोखिमका आधारमा अतिकम विकसित राष्ट्रहरूलाई परिभाषित गर्दछ। मानव सम्पत्ति सूचकांक र आर्थिक तथा वातावरणीय जोखिम सूचकांकमा नेपालले मापदण्ड पूरा गरे पनि प्रतिव्यक्ति कुल राष्ट्रिय आयको मापदण्ड भने हालसम्म पूर्ण रूपमा पूरा भएको देखिँदैन ।


विकासशील मुलुकको रुपमा सहज स्तरोन्नतिको लागि वाणिज्य क्षेत्रको रणनीतिक योजना, २०८१

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपालको वैदेशिक व्यापार संरचनामा निर्यातभन्दा आयातको हिस्सा अत्यधिक रहेको छ, जसले गर्दा व्यापार घाटा निरन्तर बढिरहेको छ। आर्थिक वर्ष २०६९/७० मा कुल वैदेशिक व्यापार ६ खर्ब ७९ अर्ब रूपैयाँ रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा १७ खर्ब ४५ अर्ब रूपैयाँ पुगेको छ। यस अवधिमा निर्यात १.९७ गुणाले बढेर १ खर्ब ५२ अर्ब रूपैयाँ पुगेको छ भने आयात २.६५ गुणाले बढेर १५ खर्ब ९३ अर्ब रूपैयाँ पुगेको छ। सेवा व्यापारमा समेत ५५ अर्ब रूपैयाँ घाटा रहेको छ।

### दिगो आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा तर्जुमा गरिएको यस रणनीतिक योजनाको मूल दृष्टिकोण (दूरदृष्टि) वाणिज्य क्षेत्रको प्रवर्द्धन गर्दै आर्थिक समृद्धि मार्फत विकासशील मुलुकमा दिगो र उत्थानशील स्तरोन्नति रहेको छ । यसको प्रमुख लक्ष्य बजार पहुँच विस्तार गरी निर्यात, व्यापार र लगानीको प्रवर्धन गरेर दिगो आर्थिक समृद्धि हासिल गर्ने रहेको छ।

योजनाका मुख्य उद्देश्यहरूमा नेपाली वस्तु तथा सेवाको प्रतिस्पर्धात्मकता वृद्धि गरी अन्तर ाष्ट्रिय बजार पहुँच सुदृढ गर्नु र स्तरोन्नतिबाट व्यापार क्षेत्रमा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्दै लगानी र निर्यात प्रवर्धन तथा व्यापार विविधीकरण गर्नु रहेको छ।

### यस्ता छन् रणनीति

रणनीतिक योजनाले स्तरोन्नतिबाट उत्पन्न हुने चुनौती र अवसरहरूलाई सम्बोधन गर्न सात प्रमुख रणनीतिहरू प्रस्ताव गरेको छ। जसमा वस्तु तथा सेवाको बजार पहुँच सुदृढ गर्ने, निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन, उत्पादकत्व तथा गुणस्तर सुदृढीकरण गर्ने, व्यापारजन्य पूर्वाधार, लजिस्टिक सेवा तथा व्यापार सहजीकरणको क्षेत्रमा सुधार गर्ने रणनीति लिएको छ।

यस्तै भन्सार तथा गैर-भन्सारजन्य उपायहरू तथा घरेलु सहायता परिचालन गरी नेपाली उत्पादनको प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्ने, सेवा व्यापार तथा डिजिटल व्यापार सुदृढीकरणमा जोड दिने, आर्थिक कूटनीति मार्फत व्यापार, लगानी तथा विश्वव्यापी मूल्य शृंखलामा आबद्धता अभिवृद्धि गर्ने र व्यापार क्षेत्रको संस्थागत तथा प्रणालीगत क्षमता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

वस्तु तथा सेवाको बजार पहुँच सुदृढ गर्न संयुक्त राज्य अमेरिका, चीन लगायतका प्रमुख व्यापारिक साझेदारहरूसँग द्विपक्षीय स्वतन्त्र व्यापार सम्झौताको अध्ययन र पहल गर्ने, जीएसपी प्लस जस्ता सुविधाको निरन्तरताका लागि वार्ता गर्ने, र वैकल्पिक पारवहन मार्गहरू विकास गर्ने उल्लेख छ ।

निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादन, उत्पादकत्व तथा गुणस्तर सुदृढीकरण गर्न साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन, नेपाली उत्पादनको गुणस्तरीयता प्रमाणीकरण, बौद्धिक सम्पत्तिको दर्ता र ब्रान्डिङमा सहयोग गर्ने, जडीबुटी, सौन्दर्य प्रशाधन सामग्री, ऊनी गलैंचा जस्ता वस्तुको उत्पादन र निर्यात प्रवर्धन गर्ने उल्लेख छ। व्यापारजन्य पूर्वाधार, लजिस्टिक सेवा तथा व्यापार सहजीकरणको क्षेत्रमा सुधारका लागि व्यापार लजिस्टिक लागत कम गर्न पूर्वाधार विकास गर्ने, बीबीआईएन, एमभीए जस्ता क्षेत्रीय अन्तरआवद्धताका पहलहरू कार्यान्वयन गर्ने, गुणस्तर परीक्षण र प्रमाणीकरण सुविधा निर्माण गर्ने उल्लेख छ।

# ११ अर्ब ५२ करोडको पेट्रोलियम पदार्थ आयात

■ प्रभाव संवाददाता

**भद्रपुर–** चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्ममा पूर्वी नाका काँकडभिट्टाबाट रु ११ अर्ब ५२ करोड २६ लाख ४६ हजार मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ। पूर्वी नाकाबाट पेट्रोल, डिजेल, एलपी ग्यास, एटिएफ, मट्टितेल आयात भएको हो ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंका अनुसार आव २०८१/८२ को सोही अवधिको तुलनामा रु ६० करोड २० लाख १० हजारले पेट्रोलियम पदार्थको आयातमा वृद्धि भएको छ। आयात बढेसँगै पेट्रोलियम पदार्थबाट प्राप्त राजश्व छ दशमलव ७० प्रतिशतले बढेको सूचना अधिकारी हुमागाईंले जानकारी दिए ।

कार्यालयको तथ्यांकअनुसार चालु आवको सात महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु पाँच अर्ब ६३ करोड ४५ लाख ७३ हजार राजस्व संकलन भएको छ। उक्त अवधिमा रु पाँच अर्ब ५३ करोड ४१ लाख मूल्य पर्ने ६२ हजार ९३२ किलोलिटर पेट्रोल आयात भएको थियो। यसैगरी रु तीन अर्ब ८१ करोड २८ लाख मूल्य पर्ने ४० हजार ३५२ किलोलिटर डिजेल आयात भएको छ ।

त्यस्तै उक्त सात महिनाको अवधिमा रु एक अर्ब ४६ करोड ३१ लाख मूल्य पर्ने १४ हजार ९९९ मेट्रिकटन एलपी ग्यास, रु ४३ करोड ५८ लाख मूल्य पर्ने चार हजार ७३६ किलोलिटर एटिएफ र रु ११ करोड ३० लाख मूल्य पर्ने एक हजार २१२ किलोलिटर मट्टितेल आयात भएको सूचना अधिकारी हुमागाईंले जानकारी दिए ।

# सकारात्मक सर्किटसँगै नेप्सेमा दोहोरो अंकको वृद्धि

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार १० दशमलव ३० अंकले बढेर दुई हजार ६४८ दशमलव ९० विन्दुमा कायम भएको छ।

३३३ कम्पनीको एक करोड चार लाख ५६ हजार ९८० कित्ता शेयर ४८ हजार ६४० पटक खरिदबिक्री हुँदा रु चार अर्ब ४५ करोड ११ लाख ४९ हजार ८० बराबरको कारोबार भएको छ। कारोबारमा वित्त समूह शून्य दशमलव २८, म्युचुअल फन्ड शून्य दशमलव ०२ र व्यापार समूह शून्य दशमलव ०.८९ प्रतिशतले घटेको छ भने अन्य सबै समूहका उपसूचक बढेका छन् ।

बैंकिङ समूह शून्य दशमलव २२, विकास बैंक शून्य दशमलव २१, होटल तथा पर्यटन शून्य दशमलव ४७, जलविद्युत् शून्य दशमलव ३९, लगानी शून्य दशमलव ३०, जीवन बिमा एक दशमलव ७९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८३, लघुवित्त शून्य दशमलव १५, निर्जीवन बिमा शून्य दशमलव १९ र अन्य समूह शून्य दशमलव ३५ अंकले बढेको छ।

कारोबारमा सलपा विकास बैंक लिमिटेड र रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा हिमालयन पावर पार्टनर लिमिटेडको शेयर मूल्य पाँच दशमलव ९८ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको रु २८ करोड ६९ लाख १९ हजार २७५ बराबरको आठ लाख तीन हजार ६१० कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ।

# मणिकाधाममा विद्युत् सेवा विस्तार

■ प्रभाव संवाददाता

**नेपाल विद्युत् प्राधिकरण महेन्द्रनगर वितरण केन्द्रले करिब रु ६५ लाख लागतमा मुडकादेखि धारापानीसम्म करिब पाँच किलोमिटर क्षेत्रमा ८२ पोल जडान गरी 'ट्रान्सफर्मर' स्थापना गरेर विद्युत् आपूर्ति सुरु गरेको छ ।**

**कञ्चनपुर** – शुक्लाफाँटा नगरपालिका-८ स्थित धार्मिक पर्यटकीय क्षेत्र मुडका (मणिका धाम)मा पहिलोपटक नियमित विद्युत् सेवा पुगेको छ। यस अगाडि भक्तजन अँध्यारोमा पूजाआराधना गर्न बाध्य थिए ।

नेपाल विद्युत् प्राधिकरण महेन्द्रनगर वितरण केन्द्रले करिब रु ६५ लाख लागतमा मुडकादेखि धारापानीसम्म करिब पाँच किलोमिटर क्षेत्रमा ८२ पोल जडान गरी 'ट्रान्सफर्मर' स्थापना गरेर विद्युत् आपूर्ति सुरु गरेको छ। पोल गाड्ने, तार तान्ने, इन्सुलेटर जडान गर्ने र ट्रान्सफर्मर राख्ने सम्पूर्ण काम ठेक्का प्रक्रियामार्फत सम्पन्न गरिएको हो ।

विद्युत् सेवा विस्तारसँगै मन्दिर परिसर, नवनिर्मित भजनघर तथा आसपासका क्षेत्रमा बल्ब जडान गरी क्षेत्र झिलीमिली बनाइएको छ। यसअघि साँझपख पूजा, आरती र धार्मिक कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुने गरेकामा अब सहज भएको स्थानीयवासी बताउँछन् ।

वडा नं ९ का अध्यक्ष रमेशबहादुर ऐरले विद्युत् सेवा विस्तारले धार्मिक गतिविधि सञ्चालनमा सहजता ल्याएको उल्लेख गरे। 'पहिले अँध्यारोका कारण भक्तजनले सास्ती खेप्नुपर्थ्यो, अब मन्दिर परिसर उज्यालो बनेको छ', उनले भने। धाम क्षेत्रका पूर्वध्यक्ष भरतबहादुर ऐरका अनुसार विद्युत् सेवा पुगेपछि धाम क्षेत्रमा हुने धार्मिक कार्यक्रम, सत्संग तथा भजनकीर्तन रातिको समयमा पनि व्यवस्थित रूपमा सञ्चालन गर्न सकिने भएको छ। नयाँ बनेको भजनघर र मन्दिर वरपर बल्ब जडान गरी धाम क्षेत्र झिलीमिली बनाएका छौं। धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिएको मणिका धाममा हरेक वर्ष फागुन शुक्ल पक्षको नवमीको राति र दशमीको दिन परम्परागत मेला (जाँत) लाग्ने गर्दछ। बैजनाथ बाबाको दर्शन गर्दा इच्छित फल प्राप्त हुने विश्वासले नेपाल र भारतका हजारौं दर्शनार्थी यहाँ आउने गर्दछन् ।

झिलीमिली उज्यालोले अब मणिका धामलाई अझ आकर्षक बनाएको छ र क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिइएको छ। विद्युत् सेवा विस्तारसँगै यस वर्षको मेलामा रातिको समयमा आउने भक्तजनले अँध्यारोको सास्ती खेप्न नपर्ने भएको छ। विद्युत् सेवा विस्तारसँगै धार्मिक कार्यक्रम, रातको पूजा, मेला सञ्चालन र स्थानीय व्यापार-व्यवसायमा नयाँ ऊर्जा थपिने भएको छ।

तनाव व्यवस्थापनका तरिका
- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं ।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं ।
- पर्याप्त निन्द्रा र आराम गरौं ।
- स्वस्थ्य र सन्तुलित खाना खाने गरौं ।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं ।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं ।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ